मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क :१३२ ★ ने. सं. ११४६ अनला गा, चतुर्थी ★ बिहीबार ★ २१ जेठ, २०८३ ★ June 4, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राजनीतिक रूपमा सचेत हुन पार्टी प्रकाशनहरू अध्ययन गर्न आवश्यक

भक्तपुर, २० जेठ । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा 'श्रमिक' साप्ताहिकबारे अन्तरक्रिया कार्यक्रम मङ्गलबार भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले कार्यकर्ताहरू व्यक्तिगत स्वार्थ र लोभमा फस्न नहुनेतर्फ सचेत गराउँदै राजनीतिकरूपमा सचेत हुन पार्टी प्रकाशनहरू नियमितरूपमा अध्ययन गरी छलफल कार्यक्रम चलाउनु जरुरी छ भन्नुभयो ।

राजनीति देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र भएको स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, "राजनीतिमा उमेरको पुस्तान्तरण वा पुरानो विचार लिने नयाँ पुस्ताको अर्थ छैन बरू, नीति परिवर्तनको महत्त्व हुन्छ ।"

दक्षिणपन्थीको अर्थ प्रतिगामी वा प्रतिक्रियावादी हुने उल्लेख गर्दै उहाँले संरा अमेरिका, भारत, इजरायल, इटाली, फ्रान्स, जर्मनीलगायत कतिपय देशमा दक्षिणपन्थी सरकार गठन भएजस्तै नेपालमा पनि दक्षिणपन्थी सरकार बन्नु खतरा भएकोतर्फ कार्यकर्ताहरू सतर्क भई जनतालाई सचेत गर्नु जरुरी छ भन्नुभयो ।

नेक्रामजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरहरूको वास्तविक दु:ख कष्ट, समस्याबारे शासक पार्टीहरूको ध्यान नगएको र पुँजीवादी सरकारले मजदुरहरूको हित नगर्नेबारे मजदुर सङ्घका साथीहरू स्पष्ट हुनु जरुरी छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको उक्त कार्यक्रममा गणेशप्रसाद सुवाल, रामसुन्दर सुवाल, रामकृष्ण बखुन्छे, पञ्चरत्न सैजू, विक्रम ढुकुछुलगायतले 'श्रमिक' साप्ताहिकबारे आ–आफ्नो धारणा राख्नुभएको थियो । आयोजक समितिका रमेश दुमरुले कार्यक्रमको औचित्यबारे प्रस्ट पार्नुभएको थियो ।

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ७

काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी फिल्डमा गएको देखिँदैन । नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई फिल्डमा खटाएपछि सुरक्षा फौजले 'प्रदर्शनकारी हिंसात्मक हुन पुगे व्यवस्थापन गर्न सकिएन, बल प्रयोग गर्ने अनुमति पाउँ' भन्दा प्रमुख जिल्ला अधिकारीले कर्फ्यु लगाई घुँडामुनि रबरको गोली प्रहार गर्न आदेश दिएको देखियो । सो आदेशपश्चात् प्रहरी प्रमुखहरूलगायत फिल्डमा भिड नियन्त्रण गर्न खटिएका सुरक्षा निकायका प्रमुख र उच्चपदस्थ पदाधिकारीबिच संवाद भयो । तत्पश्चात् विवेक प्रयोग गरी बल प्रयोग गर्न निर्देशन दिएपछि सुरक्षा फौजले बिनासावधानी जथाभावी, घातक हतियार प्रयोग गरेको देखियो । यसरी बिनासावधानी घातक हतियार प्रयोग गर्ने र गर्न लगाउने पदाधिकारीहरू तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, तत्कालीन अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्की, प्रहरी नायब महानिरीक्षक ओमविक्रम राणा, वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारी, तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, तत्कालीन अतिरिक्त सशस्त्र प्रहरी महानिरीक्षक नारायणप्रसाद पौडेल, सशस्त्र प्रहरी उपरीक्षक जीवन के.सी., काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, सरकारलाई समयमा प्रदर्शन र सुरक्षाको विश्लेषणसहितको सूचना उपलब्ध गराउन नसकी निष्कृय रहेका राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल तथा भदौ २३ गते बानेश्वर र संसद् भवन क्षेत्रको फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमान्डरहरू मानव अधिकार उल्लङ्घनमा जिम्मेवार देखिएका छन् ।

प्रदर्शनका आह्वानकर्ता, अभियन्ता, समर्थकहरू गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, रक्षा बम, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजीव खत्री, सोम शर्मा, केपी खनाल, दीपक बोहरा, मनिष झा, ज्वाला सङ्ग्रौला, हेमराज थापा, विमल पन्त, खेमराज साउद, पुरूषोत्तम यादव, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानियाँ, आशिका तामाङ, असिममान बस्नेत, भाग्य न्यौपाने, टङ्क दाहाल, भिक्टर पौडेल, अङ्कित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरू सुनुवार, भीम उपाध्याय, रविकिरण हमाल, हरि ढकाल, निश्चल बस्नेत, सुशीला कार्की, ओमप्रकाश अर्याल, गौरीबहादुर कार्की, पशुपति खड्का, दुर्गा प्रसाई, उर्जा बराल, जेरी ताम्राकार, हेमसागर विद्रोही, बुद्ध छिरिङ, सन्तोष राजावादी, अमित खनाल, दीपक देवकोटा, गौरव बराल, हिमानीराज्यलक्ष्मी सिंह, निशान मैनालीसमेतका व्यक्तिहरूले प्रदर्शनपूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात् जेनजी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको देखिन्छ । उनीहरूको अभिव्यक्तिले प्रदर्शनलाई उत्तेजित बनाउन भूमिका खेलेको भन्ने विभिन्न कोणबाट टीकाटिप्पणीसमेत भएको हुँदा भदौ २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षतिसमेतका कार्यमा निजहरूको संलग्नता रहे नरहेको, निजहरूको अभिव्यक्तिबाट प्रदर्शनकारीहरू आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम भए नभएको वा सोको दुरूत्साहन भए नभएको सम्बन्धमा थप अनुसन्धान आवश्यक देखिन्छ ।

भदौ २४ गतेको घटनामा राजनैतिक दलका नेता कार्यकर्ता र उनीहरूका परिवारमाथि समेत भौतिक आक्रमणहरू भए । त्यसदिन कर्फ्यु आदेश जारी भए पनि कर्फ्यु तोडिएको छ । सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति निवासजस्ता अति संवेदनशील भवनहरूलगायत देशभर नेपाल सरकारका प्रहरी थाना, कार्यालयदेखि सरकारी वकिल कार्यालयहरूसमेत जलेको अवस्था देखिन्छ । सो दिन साँझ १० बजेसम्म सुरक्षा निकायहरूसहित राज्यका सम्पूर्ण निकाय निस्तेज, प्रभावहीन र निष्कृय रहे । त्यस्तो अवस्थामा सुरक्षा शून्यता (Security Vaccum) र कानुन तथा व्यवस्था विघटन (Law and Order Breakdown) समेत भई नेपाली जनताका धेरै हक अधिकार हनन हुन पुगेको सहजै देखिन्छ ।

भदौ २३ गतेको प्रदर्शन सुरक्षाकर्मीको नियन्त्रणभन्दा बाहिर गइसकेपछि काठमाडौँका प्रमुख जिल्ला अधिकारीले सेनाको सहयोग माग गरे । तर, व्यवहारत: त्यस्तो सहयोग नभएको सो दिनको परिस्थितिबाट देखिन्छ । २४ गते संसद् भवन बानेश्वर, पुरातात्त्विक महत्त्वको सिंहदरबार, नेपाली सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपति निवास, सर्वोच्च अदालतलगायत देशैभरिका सरकारी कार्यालय भवनहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ता, सरकारी कर्मचारीहरूको निवास, निजी व्यवसायिक भवनहरूलगायतमा तोडफोड-आगजनी भइरहँदा सबै सुरक्षा निकाय मूकदर्शक बनिरह्यो । नेपाली सेना व्यारेक बाहिर मात्र निस्किएको भए यति धेरै नोक्सान पुग्ने गरी यो तहको तोडफोड, आगजनीका घटनाहरू हुने थिएनन् ।

आयोगको अनुसन्धान समितिले प्रधानसेनापतिलगायत उच्चपदस्थ पदाधिकारीहरूलाई बयानका लागि बोलाउँदासमेत नेपाली सेनाको तर्फबाट सहयोग भएन । अनुसन्धान समितिले आयोगका अध्यक्ष समक्ष प्रतिवेदन बुझाइसकेपछि सेनाले बन्दसवालमार्फत (प्रधान सेनापति समेतले) लिखित बयान बुझायो । बन्दसवालमार्फत प्राप्त सेनाको बयानमा 'नेपाली सेना कानुनबमोजिम मात्र परिचालन हुने, सरकारले सेना परिचालनसम्बन्धी कुनै निर्णय नगरेको तथा कुनै आदेश प्राप्त नगरेको' भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ ।

७६ जनाको ज्यान जाँदा र राज्यका मुख्य-मुख्य संरचना तथा देशकै ठुला व्यापारिक प्रतिष्ठानहरूमा आगजनी गरी नष्ट पारिसक्दा समेत कहीँकतैबाट राज्य वा सरकारको आभास भएन । भदौ २४ गते राति १० बजेबाट मात्रै सेना परिचालन भएको देखिन्छ । तर, त्यसरी सेना परिचालन हुँदा 'सरकारको यो मितिको यस्तो निर्णयका आधारमा परिचालित भएको हो' भन्ने बयानहरूमा उल्लेख भएको पाइँदैन । सिंहदरबार र राष्ट्रपति निवास सुरक्षाको लागि पहिला नै निर्णय भई खटिएको सेनाले जोगाउन सामान्य प्रयाससमेत नगरेको देखिन्छ । भदौ २३ र २४ गते 'दिनभरि सरकारले निर्णय नगरेका कारण सेना परिचालन हुन नसकेको' भनिएकोमा २४ गते राति १० बजेबाट सरकारको निर्णयबिना नै परिचालित भएको अवस्था देखिँदा सेनाको भनाइमा एकरूपता देखिएन ।

## नेपाल क्रान्तिकारी डकर्मी सङ्घका नवनिर्वाचित पदाधिकारीहरूको परिचयात्मक कार्यक्रम सम्पन्न




भक्तपुर, २० जेठ । नेपाल क्रान्तिकारी डकर्मी सङ्घको १३ औँ बृहत् डकर्मी भेलाबाट निर्वाचित पदाधिकारीहरूको परिचयात्मक तथा मार्गदर्शन कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महिला र पुरुषको बराबर सहभागिता तथा सहकार्यबाट मात्र साङ्गठनिक तथा कुनै पनि कार्य सफल बन्न सक्ने बताउनुभयो ।

सङ्गठनमा आबद्ध भएपछि अनुशासनको पालना गर्दै अध्ययनशील बन्नुपर्ने र सङ्गठनात्मक गतिविधिमा सक्रिय रहनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले डकर्मी र सिकर्मीहरूको प्रमाणपत्र नभए पनि समाज निर्माण गर्ने इन्जिनियर तथा प्राविधिक भएको बताउनुभयो ।

अनियमित निर्माण कार्य रोक्न डकर्मीहरूको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँले भक्तपुरलाई मौलिक र व्यवस्थित सहरका रूपमा विकास गर्न डकर्मीहरूको सहयोग आवश्यक रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी डकर्मी सङ्घका अध्यक्ष रमेश दुमरूले सङ्घले विगतभन्दा अझ राम्रो काम गर्दै सङ्गठनलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सङ्घका सदस्यहरूले सङ्गठनलाई सहयोग गर्नुपर्ने, अनुशासन, शिष्टता र व्यवहारिक ज्ञानलाई आत्मसात् गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले दुईतिहाइ मत प्राप्त गर्नु मात्र ठुलो उपलब्धि नभई जनताको हितमा नीति निर्माण गर्न सक्नु महत्त्वपूर्ण हुने बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

## कार्यसूचीमा प्रवेश नगरी राष्ट्रियसभाको बैठक स्थगित

काठमाडौँ, २० जेठ । कार्यसूचीमा प्रवेश नै नगरी राष्ट्रियसभाको आजको बैठक स्थगित भएको छ । नेपाल भारत सीमाका विषयमा प्रधानमन्त्री बालेन्द्र साहले प्रतिनिधिसभामा दिनुभएको अभिव्यक्तिप्रति असन्तुष्टि जनाउँदै सांसदहरूले अवरोध गरेपछि राष्ट्रियसभाको बैठक स्थगित भएको हो ।

बैठकको आजको कार्यसूचीमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनेलगायतका कार्यसूची रहेको थियो ।

यसैगरी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'आर्थिक वर्ष २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची तय भएको थियो ।

वाग्लेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची तय भएको थियो ।

अध्यक्ष दाहालले विपक्षी दलका सांसदलाई निर्धारित कार्यसूची अगाडि बढाउन पटकपटक आग्रह गर्नुभए पनि विरोध जारी रहेपछि बैठक स्थागित भएको छ । सभाको अर्को बैठक यही जेठ २६ गते मङ्गलबार अपराह्न १:१५ बजे बस्ने छ ।

## तापक्रम बढेसँगै तराईको जनजीवन प्रभावित

धनुषा, २० जेठ । दैनिक तापक्रम बढेसँगै मधेस प्रदेशको जनजीवन प्रभावित भएको छ ।

मधेसका अधिकांश स्थानमा एक सातादेखि ४० डिग्री सेल्सियसभन्दा माथि तापक्रम बढेकाले यहाँको जनजीवनमा नकारात्मक प्रभाव बढ्न गइ 'लु' को महामारी फैलिनसक्ने जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरले सचेत गराएको छ ।

'लु' का कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोस हुने, बान्ता हुनेलगायत जोखिम निम्तन सक्छ ।

प्रादेशिक अस्पताल जनकपुरका फिजिसियन डा. दिग्विजय ठाकुरले 'लु' बाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिँडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव दिनुभएको छ ।

मधेसमा अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुरहरूको जनजीवनसमेत कष्टकर बनेको छ ।

सहरी क्षेत्रमा भने मानिसको चहलपहल निकै कम देखिन्छ । दिउँसोका समयमा घरबाहिर निस्किएर काम गर्न मुस्किल भइरहेको सर्वसाधारणले बताएका छन् ।

जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरका प्रमुख राजीव झाले यस वर्ष समयमा नै मनसुनी वर्षा हुने सम्भावना कम देखिएको बताउनुभयो ।

झाले जेठ १८ देखि असोज १३ सम्मको अवधिलाई मनसुनी समय स्वीकारेको भए पनि अहिले जेठ महिना सकिन लाग्दासमेत उखरमाउलो गर्मी छ भन्नुभयो ।

गर्मीको समयमा पानीको कमीका कारण एलर्जीको समस्या धेरैमा हुने गर्छ । शरीरमा पानी कमी भयो भने शरीरबाट विषाक्त पदार्थ बाहिर आउन सक्दैन ।

डा. ठाकुरले गर्मीबाट जोगिन तिर्खा नलागे पनि दिनको आठ गिलास पानी पिउन सुझाव दिनुभएको छ । ठाकुरले पानीका कमीले शरीरमा डिहाइड्रेशनको समस्या आउनसक्ने बताउँदै पानीको पिउनुको सट्टा बियर, कफी, सोडाजस्ता पेयपदार्थ झनै हानिकारक हुने बताउनुभयो । ***(रासस)***



राष्ट्रिय सहिद तथा शान्ति पार्क
काठमाडौँको गोकर्णेश्वर नगरपालिका-४ स्थित जगडोलमा रहेको राष्ट्रिय सहिद तथा शान्ति पार्क । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# संविधानसँग सम्बन्धित सम्झौताहरूको अध्ययनमा कार्यदल

काठमाडौँ, २० जेठ । संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्न गठित कार्यदलले विगतमा सरकार र विभिन्न आन्दोलनरत पक्षबिच भएका सम्झौता तथा सहमतिहरू अध्ययन गर्ने भएको छ ।

प्रधानमन्त्री बालेन्द्र साहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सम्झौताका प्रतिलिपि उपलब्ध गराउन सम्बन्धित मन्त्रालय तथा सरकारी कार्यालयलाई आग्रह गरेको छ ।

कार्यदलका सदस्यसचिव लीलाधर सुवेदीका अनुसार बहसपत्र तयार गर्ने क्रममा विगतका वार्ता, छलफल तथा लिखित सहमतिहरूमा संविधानसम्बन्धी विषय कसरी समेटिएका थिए भन्ने अध्ययन गरिनेछ । यसका लागि कार्यदल सचिवालयले सबै मन्त्रालय तथा सम्बन्धित कार्यालयलाई पत्राचार गरिसकेको छ ।

सचिवालयका अनुसार २०६३ सालको विस्तृत शान्ति सम्झौता, मधेस, थारुहट तथा आदिवासी जनजाति आन्दोलनसँग सम्बन्धित सहमति, विभिन्न धार्मिक समुदाय, शिक्षक, दलित, महिला, चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिका आन्दोलनपछि भएका सम्झौताहरू अध्ययनको दायरामा रहनेछन् ।

संविधान, सङ्घीयता, समावेशिता, प्रतिनिधित्व, पहिचान तथा राज्य पुनर्संरचनासँग सम्बन्धित विभिन्न प्रतिबद्धता र सहमतिहरूको पनि समीक्षा गरिने जनाइएको छ ।

कार्यदलले संविधान निर्माण तथा कार्यान्वयनका क्रममा विभिन्न समुदाय, क्षेत्र र सरोकारवाला पक्षले उठाएका माग तथा ती माग सम्बोधनका लागि सरकारले गरेका प्रतिबद्धताको समग्र अध्ययन गरी संविधान संशोधनका सम्भावित विषय पहिचान गर्ने उद्देश्य राखेको जनाएको छ । *(रासस)*

# आन्तरिक पर्यटन प्रवर्द्धन गर्न
# 'पहिला घरदेश: अनि परदेश' र 'लेक टू लेक' कार्यक्रम

गण्डकी, २० जेठ । गण्डकी प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'पहिला घरदेश: अनि परदेश' र 'लेक टू लेक' कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने भएको छ ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले मङ्गलबार गण्डकी प्रदेशसभाको बैठकमा प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा उक्त कुरा उल्लेख छ । सरकारले 'एक जिल्ला: एक पर्यटकीय गन्तव्य' विकासको नीति लिइने उल्लेख गर्दै प्रदेशको संस्कृतिलाई जीवन्त राख्न पहिचानसहितका सांस्कृतिक उत्सवलाई प्रोत्साहन गरिने जनाएको छ ।

रैथाने संस्कृति, स्थानीय उत्पादन, रहनसहन र वेशभूषा प्रवर्द्धन गर्दै होमस्टे तथा फार्म-स्टेलाई स्तरीकरण गरी व्यावसायिकता विकास गरिने नीति तथा कार्यक्रममा भनिएको छ । पोखरा पर्यटकीय राजधानी घोषणा भएसँगै गण्डकी प्रदेशको पर्यटनप्रति बढेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र संवेदनशीलतालाई आत्मसात् गर्दै अन्तर-मन्त्रालय तथा निकायको समन्वयमा एकीकृत पर्यटन विकास अवधारणा कार्यान्वयन गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो ।

यसका लागि दोस्रो पञ्चवर्षीय योजना र पर्यटकीय राजधानी घोषणा अध्ययन प्रतिवेदनले पहिचान गरेका रणनीतिक तथा रूपान्तरणकारी कार्यक्रमलाई विशेष प्राथमिकताका साथ कार्यान्वयनमा लगिने जनाइएको छ । दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट र त्रिवेणीधामजस्ता महत्त्वपूर्ण धार्मिकस्थल जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' विकास गरिने भन्दै सरकारले मुख्य पर्यटकीय गन्तव्यमा पहुँच मार्ग 'हाई अल्टिच्यूट सिक्नेस' को उपचारलगायत आधारभूत सुविधा विस्तार गरिने उल्लेख गरेको छ ।

पर्यटकीय राजधानी 'ब्रान्डिङ' का लागि निर्माण थालनी गरिएको 'राउन्ड फेवा: भ्यू फेवा कार्यक्रम' आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिने उल्लेख गर्दै सरकारले चङ्खपुरदेखि मग्रे बगरसम्म पर्यटकीय आकर्षणका रूपमा फेवा 'होराइजन पेडिस्टेरियन ब्रिज' (सेल्फी ब्रिज) निर्माण गर्नाका साथै रूपातालमा सिसाको पुलको सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया अगाडि बढाइने भनिएको छ ।

मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमाल तथा ढोरपाटन क्षेत्रको पर्यटकीय सम्भावनालाई विश्वस्तरमा चिनाउन पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान र विकास गरिने नीति तथा कार्यक्रममा भनिएको छ । जथाभावी बाटो खन्ने क्रमसँगै पदमार्ग छोटिने र हराउने अवस्था भइरहेका अवस्थामा पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान गरिने नीति आवश्यक भएको ट्रेकिङ एजेन्सिज् एसोसिएसन (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य बताउनुहुन्छ । सरकारले अघि सारेका विषयको प्रभावकारी कार्यान्वयन आवश्यक भएको उहाँले बताउनुभयो ।

प्रदेशभित्रका हिमचुली प्रवर्द्धनका लागि नेपाल सरकार र सरोकारवाला निकायसँग सहकार्य गरिने सरकारले जनाएको छ । नेपाल सरकारसँगको समन्वयमा अन्तर प्रदेश सिधा हवाई उडान विस्तारका लागि पहल गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । मोदीबेनीधामदेखि बाग्लुङको भैरवस्थान र पर्वतको पुर्कोटसम्म धार्मिक पदमार्ग विकास गरिनेछ । लिगलिगकोट-गोरखा दरबार-मनकामना पदमार्गलाई नेपाली सभ्यताको चिनारी तथा नेपाल एकीकरण मार्गका रूपमा विकास गरिने सरकारको योजना छ । गोरखा दरबारदेखि हनुमान ढोकासम्म फूलपाती पदमार्ग निर्माणका लागि बाग्मती प्रदेशसँग समन्वय गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

छिमेकी मित्रराष्ट्र (भारत र चीन) बाट आगमन हुने पर्यटकको सङ्ख्या आगामी पाँच वर्षभित्र दोब्बर बनाउने लक्ष्यका साथ नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रको साझेदारीमा 'गण्डकी जाऔँ: प्रकृति र संस्कृतिसँग रमाऔँ' अभियान सञ्चालन गरिने उल्लेख गरिएको छ । प्रदेशमा उपलब्ध पर्यटकीय वस्तु र सेवाको अन्तर्राष्ट्रिय बजारमा सघन प्रचारप्रसार गरिने उल्लेख छ ।

पर्यटकको आगमन बढाउनुसँगै तिनीहरूको व्यवस्थापन अर्को महत्त्वपूर्ण पक्ष भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । भारत, चीनजस्ता सीमा जोडिएका मुलुकमा यहाँको पर्यटन प्रवर्द्धन सरकारको प्राथमिकतामा पर्नुपर्ने बताउँदै उहाँले पर्यटनसम्बन्धी नीतिनिर्माणसँगै कार्यान्वयनमा पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्य आवश्यक हुने बताउनुभयो ।

स्काई डाइभिङ, हेली स्किइङ, बन्जी जम्पिङ, उच्च उचाइ साइक्लिङजस्ता साहसिक गतिविधिको प्रवर्द्धन तथा नयाँ स्थल पहिचान गरिने, पोखरालाई अन्तर्राष्ट्रिय सभा सम्मेलन स्वास्थ्य तथा आरोग्य एवम् खेल पर्यटन केन्द्रका रूपमा स्थापित गर्न हरित पूर्वाधार एवम् वातावरणमैत्री यातायात प्रवर्द्धनमार्फत दिगो पर्यटन सुनिश्चित गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।

'एक जिल्ला: एक पर्यटकीय गन्तव्य' विकासको नीति लिइने भन्दै प्रदेशको संस्कृतिलाई जीवन्त राख पहिचानसहितका सांस्कृतिक उत्सवलाई प्रोत्साहन गरिने उल्लेख गरिएको छ । रैथाने संस्कृति, स्थानीय उत्पादन, रहनसहन र वेशभूषा प्रवर्द्धन गर्दै होमस्टे तथा फार्म-स्टेलाई स्तरीकरण गरी व्यावसायिकता विकास गरिने जनाइएको छ ।

गोरखा दरबार, क्होलासोथार, लोमन्थाङ दरबार, मुक्तिनाथ मन्दिर जस्ता सम्पदालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि आवश्यक पहल गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । पर्यटकको सुरक्षा, विपद् व्यवस्थापन र तत्काल खोज तथा उद्धारका लागि सुरक्षा निकाय र स्थानीय तहसँगको समन्वयमा 'पर्यटक प्रहरी' परिचालनलाई थप सुदृढ गरिने भन्दै नीति तथा कार्यक्रममा जोखिममा परेका पर्यटकको उद्धारका लागि आपत्कालीन पर्यटक उद्धार कोषको आवश्यक व्यवस्था गरिने उल्लेख गरिएको छ । *(रासस)*

# वाक्कला तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण




भक्तपुर, २० जेठ । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को सूचना तथा प्रकाशन उपसमितिको आयोजनामा सञ्चालित आठदिने वाक्कला तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम बुधबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा संस्थाका सल्लाहकार विष्णुगोपाल कुसीले वाक्कला स्रोता या दर्शकलाई आकर्षण गर्ने र मन जित्ने एक अद्भुत कला भएको चर्चा गर्दै राजनीतिक रूपले स्पष्ट वक्तालाई नै प्रवक्ता राखेको हुन्छ भन्नुभयो ।

गायन कला, वाद्यवादन कला, नाट्यकला, चित्रकला, मूर्तिकला, शिक्षण कलाझैँ वाक्कला पनि महत्त्वपूर्ण कला भएको औँल्याउँदै उहाँले कुनै दलको नेता हुँदैमा सबैसँग वाक्कला हुन्छ भन्ने होइन भन्नुभयो ।

सोही अवसरमा वाक्कलाका सहभागी प्रशिक्षार्थीहरूलाई उहाँले प्रमाणपत्र प्रदान गर्दै आफ्नो वाक्कलालाई परिष्कृत गर्दै लानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्थाले आर्थिक कारोबारका साथै सामाजिक उत्तरदायित्व वहन गर्ने सिलसिलामा वाक्कला तालिम सञ्चालन गरेको बताउनुभयो ।

वाक्कलाले व्यक्तित्व विकाससँगै आय आर्जनसमेत हुने उल्लेख गर्दै उहाँले सीपलाई व्यवहारमा ल्याउनु नै तालिमको उपलब्धि हो भन्नुभयो ।

प्रशिक्षक शरद् राइले हरेक तालिम निरास नभइकन प्रयास जारी राखेमा सफल हुने विश्वास व्यक्त गर्दै एकचोटिको असफलता नै अन्तिम होइन, मनलाई नियन्त्रण गर्दै अघि बढेमा गन्तव्यमा पुग्छ भन्नुभयो ।

प्रशिक्षार्थी श्रीप्रसाद त्यातजुले तालिम अविस्मरणीय भएको स्पष्ट पार्दै संस्थाले व्यक्तित्त्व विकास गर्ने विभिन्न तालिम सञ्चालन गरेर उदाहरणीय कार्य गरिरहेको बताउनुभयो ।

अर्का प्रशिक्षार्थी रोसनी कार्कीले तालिम प्रभावकारी भएको र आत्मविश्वास बढाएको उल्लेख गर्नुभयो ।

अर्का प्रशिक्षार्थी राकेश सैँजुले तालिमले अल्छि, लाज र डरको अनुभूति भगाएको उल्लेख गर्दै भाषणकला पनि विज्ञान भएको धारणा राख्नुभयो ।

त्यस्तै प्रशिक्षार्थी सम्झना भण्डारीले तालिमले निर्धक्कसँग सहजै विचार राख्न उत्प्रेरित गरेको चर्चा गर्दै प्रमाणपत्र पसिनाको फल हो भन्दै आफ्नो अनुभव व्यक्त गर्नुभयो ।

सूचना तथा प्रकाशन उपसमितिका संयोजक एवं कार्यक्रमका सभापति कृष्णश्वरी दुवालले कोशिश गर्नेको हार नहुने उल्लेख गर्दै तालिमले आचरणमा परिवर्तन ल्याउँछ भन्नुभयो ।

कार्यक्रममा उपसमितिका विकल कोजूले तालिमको औचित्यबारे प्रकाश पार्नुभयो । तालिम जेठ १२ देखि २० गतेसम्म भएको थियो ।

# आकस्मिक सेवा दिनुपर्ने बिरामीको मात्र उपचार गर्न बीमा बोर्डको निर्देशन

काठमाडौँ, २० जेठ । स्वास्थ्य बिमा बोर्डले निजी स्वास्थ्य संस्था (अस्पताल)लाई आकस्मिक सेवा आवश्यक पर्ने बिरामीको बिमा सुविधाअन्तर्गत उपचारको प्रबन्ध मिलाउन निर्देशन दिएको छ ।

बोर्डका वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा. पवनकुमार साहले कुनै पनि बिरामीलाई आकस्मिक उपचार गर्नुपर्ने देखिएमा मात्र बिमाअन्तर्गतका स्वास्थ्य सेवा प्रदान गर्न निर्देशन दिइएको बताउनुभएको हो ।

बोर्डले यही जेठ १६ गतेबाट वित्तीय स्रोतको अभावलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्मका लागि बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा स्थगित गरेको थियो । बोर्डले बिमामा भार पर्नेगरी सामान्य प्रकृतिका बिरामीलाई आकस्मिक उपचार सेवा प्रदान नगर्न आग्रहसमेत गरेको थियो ।

त्यसैगरी, सेवाग्राहीलाई समेत सेवा प्रदायक संस्था तथा स्वास्थ्यकर्मीमाथि अनावश्यक दबाब सृजना गरेर आश्यकताबाहेकका अवस्थामा पनि सेवा गर्न बाध्य नपार्न आग्रहसमेत गरिएको छ । बोर्डमा आबद्ध भई ३६ वटा निजी अस्पतालले बिमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् । *(रासस)*

# ट्राफिक कारबाहीमा एकैदिन २३ लाख ७१ हजार राजस्व सङ्कलन

काठमाडौँ, २० जेठ । बितेका २४ घण्टामा एक हजार दुई हजार २९९ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २३ लाख ७१ हजार ४२ राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका ११९, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६०, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३४ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका ११८ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ११४, निषेधित क्षेत्रमा हर्न बजाउने ९४, सडक पेटीमा सवारीसाधन 'पार्किङ' गर्ने १२०, एकतर्फी सडकमा सवारी चलाउने १४४ र अन्य सवारी नियम पालना नगरेका एक हजार २९६ जनालाई कारबाही गरिएको हो । *(रासस)*

# पाँच किलो गाँजा र ब्राउन सुगरसहित चार जना पक्राउ

सुरुङ्गा (झापा), २० जेठ। नेपाली प्रहरीले पाँच किलो गाँजा र १४ ग्रामभन्दा बढी ब्राउन सुगरसहित चार जनालाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीको टोलीले बिर्तामोड नगरपालिका-४ स्थित एक घरबाट पाँच किलो ९० ग्राम गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाका निमित्त सूचना अधिकारी सुमन बानियाँले जानकारी दिनुभयो।

सोही क्रममा लागुऔषध कारोबारमा संलग्न भएको आरोपमा प्रहरीले अर्जुनधारा नगरपालिका-७ का ३० वर्षीय विनोद मगर र भोजपुरको हतुवागढी गाउँपालिका-४ का करिब २० वर्षीय सागर राईलाई पक्राउ गरेको छ।

यसैबिच, झापा गाउँपालिका-४ टाघनडुब्बा क्षेत्रबाट प्रहरीले ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ।

भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका व्यक्तिमाथि शङ्का लागेपछि मङ्गलबार प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको टोलीले चेक जाँच गर्ने क्रममा दमक नगरपालिका-१० निवासी ३२ वर्षीय सुरज रायको साथबाट छ ग्राम एक मिलीग्राम ब्राउन सुगर बरामद गरेको प्रहरीले जनाएको छ।

मोरङको विराटनगर महानगरपालिका-३ का ४२ वर्षीय बाबुराम दर्जीको साथबाट पनि प्रहरीले आठ ग्राम ७० मिलीग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद गरेको थियो। पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय झापा ल्याइएको प्रहरीले जनाएको छ। *(रासस)*

# एमालेका मन्त्रीले दिए राजीनामा

घोराही (दाङ), २० जेठ। लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्बाट एमालेका मन्त्रीले राजीनामा दिएका छन्। आफूहरूले बुधबार मुख्यमन्त्री चेतनारायण आचार्यसमक्ष सामूहिक रूपमा राजिनामा बुझाएको भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले बताउनुभयो। मुख्यमन्त्रीसहित एमालेका पाँच मन्त्री रहेका थिए। तीमध्ये चार जनाले राजीनामा दिएका हुन्। राजनीनामा दिनेमा भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाल, सिँचाइमन्त्री सीता चौधरी, भूमि व्यवस्था तथा कृषिमन्त्री दिनेश पन्ती र स्वास्थ्यमन्त्री खेम सारु हुनुहुन्छ। *(रासस)*



**कन्याम चिया बगान**

इलामको सूर्योदय नगरपालिकामा अवस्थित कन्याम चिया बगान अवलोकन गर्दै पर्यटक। प्रदेश नं १ को मुख्य पर्यटकीय गन्तव्य रहेको कन्याममा मनोरम वातावरणमा रमाउन, भिडियो र फोटो खिच्न आन्तरिक तथा बाह्य पर्यटक आउने गर्दछन्। *तस्बिर: रवीन्द्रप्रताप गुप्ता/रासस*

# बनेपामा महिलालक्षित घुम्ती कला प्रदर्शनी

काभ्रेपलाञ्चोक, २० जेठ। बनेपामा महिलालक्षित तीनदिने घुम्ती कला-प्रदर्शनी सञ्चालन गरिएको छ। दलित महिला केन्द्र नेपालद्वारा संयुक्त राष्ट्रसङ्घीय महिला संस्थाको सहयोग तथा सृजनालयको साझेदारीमा आयोजित 'उर्लिंदो नदीसरी: प्रतिरोधका कथाहरू' विषयक समूहगत छलफल तथा प्रदर्शनी सञ्चालनमा ल्याइएको हो।

समुदायमा रहेका महिला तथा सीमान्तकृत वर्गका अनुभव, सङ्घर्ष, प्रतिरोधका कथा र भविष्यका सम्भावनाबारे अर्थपूर्ण छलफल तथा कला, कथा र संवादमार्फत सामाजिक न्याय, लैङ्गिक समानता तथा मानवअधिकारका विषयलाई कार्यक्रममा सशक्त रूपमा प्रस्तुत गरिनेछ।

विद्यार्थी, सामाजिक अभियन्ता, स्थानीय सरोकारवाला तथा समुदायका प्रतिनिधिको उत्साहजनक सहभागिता जनाई कार्यक्रमलाई थप प्रभावकारी र उपलब्धिमूलक बनाउँदै लगिएको पाइएको बनेपा नगर उपप्रमुख विमला सापकोटा दाहालले बताउनुभयो।

उहाँका अनुसार महिला, समुदाय र सामाजिक परिवर्तनका सशक्त कथाहरूलाई कला र कथावाचनमार्फत प्रस्तुत भइरहेको छ।

यस्तै प्रदर्शनीमा १५ कलाकारका सृजना समावेश गरिएका छन्। ती सृजनाले नेपालका विभिन्न समुदायका महिलाको जीवन, श्रम, ज्ञान, नेतृत्व, सङ्घर्ष र सहनशीलताका कथालाई कलात्मक माध्यमबाट प्रस्तुत गरिरहेको जनाइएको छ।

प्रदर्शनीमा सुदूरपश्चिम, कर्णाली, मधेस र वाग्मती प्रदेशका महिला तथा समुदायका अनुभव र परिवर्तनका कथालाई केन्द्रमा राखिएको छ।

सार्वजनिक विमर्शमा प्रायः ओझेलमा परेका महिलाका भोगाइ, सपना, साझा-सङ्घर्ष तथा दैनिक साहसी कामलाई उजागर गर्दै प्रदर्शनीले संवाद, चिन्तन र आशाको वातावरण निर्माण गर्ने लक्ष्य लिएको जनाइएको छ।

प्रदर्शनीमा प्रस्तुत कलाकृतिसँगै कथावाचन, स्थानीय उत्पादनको प्रवर्द्धन तथा बिक्रीका लागि विशेष 'हाटबजार' र 'सुनौलो बिहानी' नामक सडक नाटकले कला, संस्कृति, समुदाय र सामाजिक चेतनाको जीवन्त सङ्गम सृजना गर्ने अपेक्षा गरिएको छ। *(रासस)*

# राष्ट्रिय जनसङ्ख्या नीति सार्वजनिक

कर्णाली, २० जेठ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय काठमाडौँले कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय जनसङ्ख्या नीति २०८२ को सार्वजनिकीकरण तथा अभिमुखीकरण गरेको छ।

उक्त कार्यक्रममा जनसङ्ख्या व्यवस्थापन महाशाखाका सहसचिव हेमराज सुवेदीले नीति कार्यान्वयनका संस्थागत, कानुनी, वित्तीय व्यवस्थाका साथै समन्वय र जोखिम पहिचान र व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन, कार्ययोजना, नीति खारेजी तथा बचाउका बारेमा जानकारी दिनुभयो।

नीतिमा चार उद्देश्य, २० विशेषता, २७ रणनीति, १२० कार्ययोजना र दुई वटा अनुसूची छन्।

मन्त्रालयका जनसङ्ख्या व्यवस्थापन महाशाखा (तथ्याङ्क) का उपसचिव झविन्द्रप्रसाद पाण्डेयले नेपालको समग्र जनसाङ्ख्यिक अवस्थाबारे आफ्नो प्रस्तुति राख्नुभएको थियो।

कार्यक्रममा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले लागुऔषध, सडक दुर्घटना, आत्महत्याजस्ता घटना पछिल्लो समयमा बढिरहेकाले ती समस्या समाधान गर्ने नीति बन्नुपर्ने र त्यसको कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) नेपालका अधिकृत तीर्थमान तामाङले बहुप्रतिक्षित नीति बन्नुमा उल्लेखनीय उपलब्धि हासिल भएको जानकारी दिनुभयो। *(रासस)*

# कोसीमा बालविवाहका ३८ सूचना दर्ता, मोरङमा सबैभन्दा बढी

झापा, २० जेठ। कोसी प्रदेशमा चालु आर्थिक वर्षको १० महिनामा बालहेल्पलाइन सेवामा ३८, बालविवाहसम्बन्धी सूचना दर्ता भएका छन्।

हराएका बालबालिका खोजतलास समन्वय केन्द्रको कोसी टोल फ्री हेल्पलाइन १०९८ मा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि वैशाख मसान्तसम्म सो सङ्ख्यामा सूचना दर्ता भएका हुन्।

बालअधिकार तथा संरक्षणकर्मी सुमन अधिकारीका अनुसार प्रदेशका १४ जिल्लामध्ये चार वटा जिल्लाबाट मात्रै ती सूचना दर्ता भएको जानकारी दिनुभयो।

उहाँले सबैभन्दा बढी मोरङमा २४ सुनसरीमा ११, इलाममा दुई र उदयपुरमा एउटा सूचना दर्ता भएको जानकारी दिनुभयो।

हेल्पलाइन (१०९८) वा प्रहरी हेल्पलाइन (१०४) मा बालविवाह, हिंसा वा शोषणसम्बन्धी सूचना दर्ता भएपछि बालबालिकालाई संरक्षण, उद्धार र पुनःस्थापना गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरेर सेवा दिने गरिएको छ।

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार कोसी प्रदेशमा नौ हजार ७१३, बालविवाहका घटना भएको तथ्याङ्क छ। पछिल्लो समय टोलटोलमा गठन भएका बाल सञ्जाल र विद्यालयमा सञ्चालित बालक्लबका कारण बालविवाह न्यूनीकरणका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भइरहेको संरक्षणकर्मी अधिकारीले जानकारी दिनुभयो। *(रासस)*

# कृषि उद्यमबाट सहकारीमा जम्दै मधेसका महिला

महोत्तरी, २० जेठ। आम रूपमा मधेसमा महिलाको गणना चुलोचौकाको काममा मात्र गनिन्छ भन्ने गुनासो सुनिन्छ। तर पछिल्ला समयमा मधेसका महिलाले सहकारीका माध्यमले कृषि क्षेत्रका कामबाटै आफूलाई सामाजिक र आर्थिक क्षेत्रमा सफल उद्यमीका रूपमा उभ्याएका छन्।

महिला मात्र आबद्ध महिला सामाजिक उद्यमी सहकारी मधेसमा स्थापित मानिन्छन्। मधेसका महोत्तरी, धनुषा, सर्लाही, रौतहट, सिरहा र बारासहित छ जिल्लामा महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले पशुपालन, तरकारी खेती र कृषि उत्पादनकै बेचबिखन गरिने पसल संस्थागत रूपमा सञ्चालन गरेर सफल उद्यमीको परिचय बनाएका छन्। महिलालाई यो कार्यमा अन्तर्राष्ट्रिय सामाजिक संस्था हेफर इन्टरनेसनलले सहयोग र उत्प्रेरणा गर्दै आएको छ।

महोत्तरीको बर्दिबास-१० र ११ को खयरमारा सेरोफेरोलाई कार्यक्षेत्र बनाएको ज्योति महिला सामाजिक उद्यमी सहकारी बर्दिबास-११ का अध्यक्ष चनावती श्रेष्ठ भन्नुहुन्छ, "अहिले हामीलाई काम भ्याइनभ्याइ छन्।" यो सहकारीले दूधका लागि गाई/भैँसीपालन, बाख्रापालन, बङ्गुरपालन, उपभोक्ता पसल सञ्चालन गर्दै आएको छ। समूहले पशुपालनलाई प्रवर्द्धन गर्न जई, मेण्डोला, स्टाइलो, नेपियर र डालेघाँसको बीउ उत्पादन गर्दै आएको छ।

"हामीले यो वर्ष एक हजार बढी खसी बेचिसकेका छौँ, तीन हजारभन्दा बढी खसी पालेका छौँ," ज्योति महिला सामाजिक उद्यमी सहकारीका सचिव सरस्वती विश्वकर्मा भन्नुहुन्छ, "खयरमारामा पर्ने दुवै वडाभित्र १० भन्दा बढी बस्ती छन्, सबै बस्तीका महिला अहिले सहकारीमा आबद्ध हुने क्रम बढ्दो छ।" सुरुमा २५ महिलाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३७८ सेयर सदस्य पुगेका छन्।

सहकारीको कार्यसमितिको नियमित बैठक, साधारणसभालगायत गतिविधिमा सामेल बढ्दै जाँदा अब यहाँका महिलाको विभिन्न क्षेत्रका स्थानीय विकासका सरोकारमा सहभागिता बढ्दै गएको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतो बताउनुहुन्छ।

यसैगरी, सर्लाहीको हरिपुर महिला सामाजिक उद्यमी सहकारी हरिपुरले दूध उत्पादनका लागि आफ्ना सदस्यलाई भैँसीपालनमा ऋण सहयोग गरेको छ। यो सहकारीले अहिले दूध सङ्कलन गर्न पाँच ठाउँ केन्द्र बनाएको छ। विसं २०६७ मा स्थापित यस सहकारीमा अहिले ८७४ सेयर सदस्य छन्। सहकारीको कुल कारोबार रु. सात करोड नाघेको छ। सेयर सदस्यको बचत नै रु. तीन करोड नौ लाख २८ हजार रहेको अध्यक्ष मञ्जु चौधरी थारू बताउनुहुन्छ।

"सहकारीमा दूधका लागि भैँसीपालन गर्ने र बाख्रापालन गर्ने सदस्यले मुख्य काम पाएका छन्," चौधरी भन्नुहुन्छ, "यसपालि भर्खर बकर इद पर्वमा दुई हजार ५०० खसी बेचेका छौँ।" सोअघि गत फागु पर्व र दसैँमा गरी तीन हजार खसी बेचिएको उहाँले बताउनुभयो। यो सहकारीले आफ्ना सदस्यको घरमा हुने दूध किनेर विभिन्न परिकार बनाई बिक्री वितरण गर्ने गरेको छ। यसरी कृषि कार्यमा जुटेका महिलाको आर्जन निरन्तर बढ्दै गएको उहाँको भनाइ छ।

यस्तै, सर्लाहीकै लालबन्दी-१६ न्यू उदय महिला सामाजिक उद्यमी सहकारीका १० भन्दा बढी सदस्यले दूध उत्पादनका लागि गाई, भैँसीपालनको कृषि फार्म नै सञ्चालन गरेका छन्। विसं २०७८ मा २५ जनाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३० सेयर सदस्य पुगेका छन्। विदेशबाट फर्केका युवालाई कृषि कार्यमा जोड्न विशेष योजनासाथ लागिएको यस सहकारीकी व्यवस्थापक शर्मिला मोक्तान बताउनुहुन्छ। यो सहकारीका सदस्यले पछिल्लो एक महिनाभित्र एक हजार २०० खसी बेचेको मोक्तानको भनाइ छ। यसैगरी, यो सहकारीले ८०० लिटरसम्म दूध सङ्कलन गरेर दूधजन्य परिकारको उद्योग सञ्चालन गरेको छ।

यस्तै रौतहटको गजुरा-३ का महिलाले आरम्भ महिला सामाजिक उद्यमी सहकारी सञ्चालन गरेका छन्। यो सहकारीले खसीपालन, मासु बिक्री वितरण र निगुरोको साग (मुन्टा) बिक्री वितरण गरेर प्रशस्त आर्जन गर्दैछ। अहिले ३५४ महिला आबद्ध यो सहकारीले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको अवधिमा दुई हजार ५०० खसी बिक्री गरेको अध्यक्ष पुनम चौधरी थारूले बताउनुभयो।

महिलाको सहकारीमार्फत कृषि कार्यमा बढ्दो चासोमा घरका परिवारजनको राम्रो साथ सहयोग पाइने गरिएको उद्यमी महिलाको अनुभव छ। अवसर र सहयोग मिल्नसके महिलाले जस्तोसुकै काम पनि व्यवस्थित रूपले गर्न सक्छन् भन्ने मधेसका महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले चरितार्थ गरेका बर्दिबास-११ खयरमाराका सामाजिक अगुवा चन्द्रलाल गौतम बताउनुहुन्छ।

हेफर इन्टरनेसनलले सहकारीमा आबद्ध महिलालाई व्यवसाय विस्तार र दिगोपनाका लागि आवश्यक साझेदारी र लगानीका अवसर खोज्न सहयोग समन्वय गर्दै आएको छ। हेफरको जनकपुरस्थित क्षेत्रीय कार्यालयले पूर्वी नेपालका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीलाई सहयोग समन्वय गर्दै आएको छ। यीमध्ये मधेसका छ जिल्ला छन्। अन्य जिल्लामा वाग्मती प्रदेशका चार र कोसी प्रदेशका दुई जिल्ला रहेका हेफर इन्टरनेसनल जनकपुर क्षेत्रीय कार्यालयका प्रमुख दीपेश पोखरेलले जानकारी दिनुभयो।

मधेसका महिला सामाजिक उद्यमी सहकारीहरूको समीक्षा र मूल्याङ्कनसहितको मङ्गलबार बर्दिबासमा सम्पन्न योजना तथा लगानी सम्मेलनमा सहकारी प्रतिनिधिले हालसम्मको कामको समीक्षा गर्नसँगै भावी योजना पनि प्रस्तुत गरेका छन्। सम्मेलनको मुख्य ध्येय यी सहकारीहरूको व्यवसाय वृद्धि योजना तयार गर्ने, नवीन सोच र उद्यमशीलता विकास गर्ने र लगानीकर्तासम्म प्रभावकारी पहुँच बढाउने रहेको महिला सामाजिक उद्यमी सञ्जाल वाग्मती प्रदेश उपाध्यक्ष होमकुमारी ठकुरीले स्पष्ट पार्नुभयो।

हेफरको जनकपुर क्षेत्रीय कार्यालयको समन्वयमा रहेका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीमा ६२ हजार महिला आबद्ध छन्। यो सङ्ख्याभित्र मधेसका २० हजार बढी महिला आबद्ध रहेका क्षेत्रीय कार्यालय प्रमुख पोखरेलको भनाइ छ। यी सहकारीमा महिलाले देखाएका तत्परता र गरेका कामको उपलब्धि साँच्चै हौसला बढाउने तहको भएको हेफर क्षेत्रीय कार्यालय जनकपुरको मूल्याङ्कन छ। उद्यमी महिलाले घर, परिवार, समाज र यहाँका निकायबाट सकारात्मक सहयोग र समन्वय पाउनसके सहकारीका माध्यमबाट निकै उपलब्धि हासिल हुने सामाजिक आन्दोलनकी नेत्री बर्दिबास-३ का बासिन्दा सरस्वती चौधरीको प्रतिक्रिया छ। *(रासस)*

## । सम्पादकीय ।

# शासकहरू देशभक्त र जनताप्रति उत्तरदायी हुनुपर्ने

कुनै पनि राजनीतिक दलका नेता, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, जनप्रतिनिधि तथा कार्यकर्ताहरू दलका मात्र होइनन् देशकै जिम्मेवार नागरिकहरू हुन्। उनीहरूको उद्देश्य देश बनाउन नीति बनाउने मात्र होइन व्यापक जनतालाई देशभक्त, अनुशासित, नैतिकवान् बनाई सुसूचित पार्नु पनि हो। बहुदलीय प्रजातन्त्रमा बहुमत प्राप्त शासक दलहरूको सरकारले शासन गर्छ भने सरकारमा नरहेका तर संसद्मा प्रतिनिधित्व गरेका दलका नेता र सांसदहरूले सरकारको गलत या खोटपूर्ण विचारको विरोध गर्ने या खबरदारी गर्ने काम गर्छ; गर्नुपर्छ। विपक्षी दलहरूको धर्म नै सरकारलाई खबरदारी गर्ने, गलत कार्यको विरोध गर्ने र सरकारले गर्न लागेको गलत कार्यबारे जनतालाई सचेत पार्ने हो।

शासक दलहरूको हरेक निर्णय र कार्य खोटपूर्ण छ; देशविरोधी र जनघाती छ भने त्यसको निन्दा गर्नुपर्छ। त्यो निन्दा गर्ने काम विपक्षी दलहरूको हो। तर, यहाँ सरकारमा नहुँदा खुब समाजवादी बनेर क्रान्तिकारी बखान गर्ने र सरकारमा सामेल हुँदा दलको सिद्धान्त र विचार भुलेर पुँजीवादी बाटो रोजेर केही स्वार्थमा फस्ने काम विगतमा सत्तारुढ दलहरूले गरिरहेका छन्। प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने दलका नेताहरू पद र पैसामा भुलेर या भागबन्डामा अल्झेर विगतमा प्रतिपक्षमा बस्नुपर्ने दोस्रो ठूलो दल पनि सरकारमा सामेल भयो। त्यस्तो बेला संसद्मा बलियो विपक्ष भन्ने नै देखिएन। अतः शासक दलका नेता, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद, जनप्रतिनिधि, न्यायाधीश, राजदूत एवं अन्य महत्त्वपूर्ण पदाधिकारीहरूलाई सैद्धान्तिक र वैचारिक रूपले सचेत पार्ने काम गर्नुपर्छ।

हो, संसद वैचारिक सङ्घर्ष गर्ने थलो हो। आ-आफ्नो दलको विचार र जनताको समस्या पोख्ने र माग सम्बोधन गर्न र गराउन ध्यानाकर्षण गर्ने थलो हो। संसद् बलियो पक्षले कमजोर पक्षलाई पेल्ने र बोल्न बाधा पार्ने थलो होइन। प्रतिपक्षमा रहेका दलका नेता र सांसदहरूले पनि आफ्नो दरिलो भूमिका निर्वाह गर्नुपर्छ। सरकारको ध्यानाकर्षण गर्नु भनेको तोडफोड र घम्साघम्सी होइन। सरकारको कमी कमजोरी औंल्याउने, गलत कार्यको विरोध गर्ने र गलत कार्य नगराउन खबरदारी गर्ने काम प्रतिपक्षले गर्नुपर्छ। जातको आधारमा भेदभाव गर्नु, धर्मको नाउँमा अन्य धर्म मान्नेहरूलाई हेला गर्नु, अरुको भाषालाई भेदभाव र अन्याय गर्नु तथा प्रजातान्त्रिक अधिकारलाई दबाउनु एवं कुण्ठित गर्नु अधिनायकवाद हो। संसद्मा सत्तापक्ष वा सरकारले त्यस्तोखाले कुनै भूमिका निर्वाह गर्नु हुँदैन। यस्तो काम र कुरा न सरकारले गर्न मिल्छ न त प्रतिपक्षले नै गर्न मिल्छ।

कामदार जनता, समाजवाद र प्रजातान्त्रिक भनिने राजनीतिक दलहरू सरकारमा गएपछि कामदारवर्गको हितमा काम नगर्ने सरकार या सत्तारुढ दल पुँजीवादीवर्गकै एजेन्ट मान्नुपर्छ। आज हाम्रो देशका शासक दलहरू कति देशभक्त छन्; देश र जनताप्रति कति बफादार छन् ? सचेत जनता अनुभव गर्दै छन्। देशको अस्तित्वमा आँच पुऱ्याउने, भारतीय पक्षले मिचेको नेपाली भूमि फर्काउन जोड गर्नुभन्दा उल्टो बचाउने शासक दलका नेता, प्रम र मन्त्रीहरू आफ्नै देशका विरोधी हुन्। देशको सार्वभौमिकतामा आँच पुऱ्याउने सरकारले के देश जोगाउला ? देश जोगाउन के सरकार अघि बढ्ला ? सत्तारुढ दल तत्काल आफ्ना जनविरोधी र देशविरोधी गतिविधिको तुरुन्तै माफी मागेर सच्चिनुपर्छ।

जिम्मेवार राजनीतिक दल र सत्तारुढ दलका नेता, मन्त्रीहरूले देशलाई सुशासन दिन प्रयत्नशील हुनुपर्ने हो; भ्रष्टाचार निर्मूल गर्न, महँगी हटाउन उपाय खोज्नुपर्ने हो। राजनीतिक विचारका अपराधीहरू र आदर्श समाज निर्माण गर्ने बाटोमा भाँजो हाल्ने दलका नेता र मन्त्रीहरूलाई हरेक देशभक्त दल र दलका नेताले जनतामाझ उदाङ्ग्याउनुपर्छ। देशको राजनीतिक दबुलीमा आर्थिक सहुलियतको निम्ति सरकारी पदमा जाने र पुँजीपति एवं सामन्तवर्गको सेवा गर्ने उद्देश्यले राजनीतिक नेता तथा कार्यकर्ताहरूले पद र पैसालाई प्राथमिकता राखेर देश कसरी समुन्नत हुन्छ ? राजनीतिक नेता, मन्त्री, सांसद कर्मचारी, सेना, प्रहरीमा भ्रष्टाचारको बिगबिगीले अन्तर्राष्ट्रिय क्षेत्रमा देश बदनाम भएको हो। भ्रष्टाचार निवारण र नियन्त्रणमा जिम्मेवार व्यक्तिहरू नै भ्रष्टाचारमा संलग्न भएको खबरले देशमा कसरी सुशासन हुन्छ ? स्वच्छ छविको देश कसरी बन्छ ?

# शिक्षा र स्वास्थ्यमा निराशाजनक बजेट !

● विवेक

अर्थमन्त्री स्वर्णिम वाग्लेले जेठ १५ गते आ.व. २०८३/८४ को लागि रु. २१ खर्ब २४ अर्बको बजेट संयुक्त सदनमा प्रस्तुत गरे। अनुमानित स्रोतमध्ये राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड र वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड व्यहोर्दा रु. ६ खर्ब ५७ अर्ब २९ करोड न्यून हुने र सो रकम वैदेशिक ऋणबाट रु. २ खर्ब ४७ अर्ब २८ करोड परिचालन गरिने बजेटमा उल्लेख गरिएको छ। यस हिसाबले बजेटको एकतिहाइ रकम ऋणमा भर परेको देखिन्छ।

### शिक्षातर्फ

शिक्षाको लागि जम्मा २ खर्ब १८ अर्ब ३० करोड विनियोजन गरिएको छ। यो कुल बजेटको १०.२८ प्रतिशत हो। चालू आ.व.को लागि गत वर्ष कुल बजेटको १०.७५ प्रतिशत विनियोजन गरिएको थियो। औसतमा चालू वर्षभन्दा आगामी आर्थिक वर्षमा शिक्षामा बजेट घटाइएको छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन गर्नुपर्छ। नेपाल सरकारले त्यस मापदण्ड पालना गर्ने प्रतिबद्धता गरे पनि हालसम्म कुनै पनि सरकारले त्यसलाई पालना गरेको देखिँदैन।

नेपालमा सरकारी र निजी गरी दुई थरी शिक्षा प्रदान गर्ने गरिन्छ। सरकारी विद्यालयहरू तुलनात्मक रूपमा शैक्षिक गुणस्तर कमजोर र व्यापारका लागि खोलिएका निजी विद्यालयहरू तुलनात्मक रूपमा राम्रो र गुणस्तरीय छन्। हुने खानेहरूले आफ्ना सन्तानहरूलाई निजी विद्यालयमा पढाउने गरेका छन्। सरकारी जागिर खाने र सरकारी विद्यालयमा शिक्षक भएर काम गर्नेहरू नै आफ्ना सन्तानहरूलाई निजीमा पढाउने गर्छन्। शिक्षा सेवा व्यवसायभन्दा क्रमशः उद्योगमा रुपान्तर हुँदै गएको छ। धनीहरू अन्य उत्पादनमूलक उद्योगमा लगानी गर्नुभन्दा शिक्षामा लगानी गर्नु नै लगानी सुरक्षित ठानेर विद्यालय र कलेजहरूमा लगानी गर्दै छन्। यसले शिक्षा अत्यन्त महँगो भइरहेको छ। शिक्षा आधारभूत आवश्यकता हुनुपर्नेमा 'खरिदको वस्तु' बनाइएको छ। आर्थिक स्तरले शैक्षिक गुणस्तर कायम गर्ने अवस्था सिर्जना भएको छ। नयाँ बजेटले त्यसलाई मलजल दिने काम गरेको छ।

बजेट सरकारमा जाने पार्टीहरूले निर्वाचन घोषणापत्र कार्यान्वयन गर्ने महत्त्वपूर्ण दस्ताबेज हो। जनताबिच गरेका वाचाहरू बजेटमार्फत पूरा गर्ने अपेक्षा जनताले गरेका हुन्छन्। रास्वपाले गरेका वाचापत्र, नीति तथा कार्यक्रम र बजेटमार्फत पूरा गर्नु उसको कर्तव्य हो। नीति तथा कार्यक्रमको बुँदा ४५ मा 'माध्यमिक शिक्षा निःशुल्क गर्ने सुनिश्चितता गरिने छ' भनिएको छ तर शिक्षालाई अत्यन्त कममात्र बजेट विनियोजन गरेर त्यसलाई उपेक्षा गरिएको छ।

नेपाल सरकारले कर्मचारीहरूको औसत तलब २१ प्रतिशत वृद्धि गरेको छ। यो वृद्धिले कर्मचारीलाई राहत भए पनि ३ करोड नेपाली जनतामा भने मार पर्नेछन्। बजेटमा विद्युत्, निजी विद्यालय र अस्पतालहरूमा समेत ३ प्रतिशत करको व्यवस्थाले हरेक वस्तुको मूल्य बढ्ने निश्चित छ। नेपालमा उत्पादित विद्युत् जनतालाई सस्तोमा दिएर पेट्रोल, डिजेल र ग्यास प्रयोगमा कमी ल्याउनुपर्ने थियो। सरकारले उल्टो काम गरेको छ। नेपाल सरकारले ५/६ लाख कर्मचारीलाई खुसी पारेर करोडौँ जनतामा करको भार थोपर्नु कुनै दृष्टिमा पनि न्यायोचित छैन।

प्रस्तुत बजेटले नेपालको शिक्षालाई सुधार गर्ने अपेक्षा गर्न सकिँदैन। आज क्रमशः सरकारी विद्यालयमा विद्यार्थीहरू घट्दै छन् भने संस्थागत विद्यालयमा बढ्दै छ। कम विद्यार्थी भएका विद्यालयहरूमा के-कस्तो सुधार गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्नुपर्नेमा विद्यार्थी कम भएको कारण विद्यालय मर्ज गर्ने नीतिलाई अगाडि बढाइएको छ। नेपालमा सञ्चालित विद्यालयहरूमध्ये १३ हजारभन्दा बढी विद्यालयमा विद्यार्थी सङ्ख्या १०० जनाभन्दा कम भएको तथ्याङ्क बाहिरिएको छ। किन यस्तो भयो ? त्यसको समीक्षा गरेर सुधार्ने प्रयास गर्नुपर्थ्यो तर भएन।

पहाडी क्षेत्रका विद्यालयमा विद्यार्थी न्यून हुनुको कारण छात्रावासको बन्दोबस्त नहुनु पनि हो। ग्रामीण र पछाडि परेका ठाउँका विद्यालयमा छात्रावासको बन्दोबस्त, शैक्षिक उपकरण र दक्ष जनशक्तिको बन्दोबस्त गर्न सकेको खण्डमा अभिभावकहरूले आफ्नो घर पायक विद्यालयहरूमा पढाउने छन्। सरकारी विद्यालयमा सरकारको धेरै लगानी छ तर पनि विद्यार्थीहरू कमैमात्र छन्। विद्यालयलाई आवश्यक सुधारको बन्दोबस्त गर्नुभन्दा मर्ज गर्ने गलत नीति अघि सारिएको छ। युवा पुस्तालाई नयाँ नयाँ रोजगारीका अवसरहरू प्रदान गर्ने शिक्षा क्षेत्र पनि एक हो। कम सङ्ख्या भएका सबै विद्यालयहरू मर्जको बाटोमा अघि बढेमा हजारौँ शिक्षकहरूको रोजगारीमाथि प्रश्न खडा हुनेछ।

संविधानबमोजिम मा.वि. तहसम्म निःशुल्क र उच्च शिक्षामा व्यापक छात्रवृत्तिको बन्दोबस्त गर्न सकेमा पनि उच्च शिक्षामा अधिकांशको पहुँच पुग्नेछ। गरिब र विपन्न परिवारलाई छात्रवृत्ति, शैक्षिक ऋणको व्यवस्था गरेको भए कोही पनि परिवारका सन्तान उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने छैन। बजेटको आकार बढेअनुसार शिक्षामा कम बजेट विनियोजनले बजेटमा शैक्षिक क्षेत्र उपेक्षामा परेको स्पष्ट हुन्छ।

विदेशमा पढ्न जाने विद्यार्थीहरूलाई रोक्ने कुनै कार्यक्रम छैन। वर्षको १ लाखभन्दा बढी विद्यार्थी विदेशमा गएर पढ्न जान्छन्। झन्डै १ खर्ब रुपैयाँ उनीहरूले पढाइको लागि खर्च गर्छन्। नेपालमा सहजै पढ्न पाइने विषय राखेर विदेश पढ्न जान रोक लगाइएको भए त्यसबाट झन्डै १ खर्ब पैसा बिदेसिनबाट जोगाउन सकिन्छ। विदेश जाने पैसा रोक्नु पनि देशको आम्दानी बढ्नु हो।

नेपालमा ५९ वटा विदेशी सम्बन्धन प्राप्त कलेजहरू सञ्चालनमा छन्। ती कलेजहरूले वर्षको अर्बौं रुपैयाँ विदेश लाने गर्छन्। नेपालमा त्यस्ता कलेजहरू सञ्चालन अनुमति रद्ध गर्न सके त्यसबाट पनि धेरै पैसा जोगाउन सकिन्छ। त्यसले एकातिर धेरै वटा कलेजले विद्यार्थीहरू पाउनेछन्- अर्कोतिर शिक्षक/प्राध्यापकहरूले रोजगारी पाउनेछन्। नेपालमा रोजगारी नभएका कारण विदेश जाने प्राध्यापकहरूलाई रोक्ने यो राम्रो उपाय हुनसक्छ।

### स्वास्थ्य क्षेत्र

कुल बजेट २१ खर्ब २४ अर्बमा स्वास्थ्यको लागि भने जम्मा १ खर्ब २ अर्बमात्र विनियोजन गरिएको छ। यो कुल बजेटको ४.८५ प्रतिशत मात्रै हो। विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) का अनुसार स्वास्थ्यको लागि कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट विनियोजन हुनुपर्छ। यो हिसाबले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डभन्दा आधामात्रै बजेट छुट्याइएको छ।

स्वास्थ्य बीमाको लागि झनै कम रकम अर्थात् जम्मा १५ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। देशमा सञ्चालित ४४० भन्दा बढी अस्पतालले स्वास्थ्य बीमा सेवा दिइआएकोमा औसतमा मासिक २ अर्ब बीमाबापत भुक्तानी गर्नुपर्ने भार बीमा बोर्डलाई रहेको बोर्डका पदाधिकारीहरूको भनाइ छ। १५ अर्ब रकमले आगामी आर्थिक वर्ष पनि बीमा सेवा राम्रो सञ्चालन नहुने प्रस्ट देखाएको छ। बीमा बोर्डले समयमा भुक्तानी नगरेको कारण नेपालका धेरै अस्पतालले बीमा सुविधा बन्द गरिसकेका छन्। बजेटमा सुधारको कुनै सङ्केत देखिँदैन।

विगतका सरकारहरूका पालामा निर्माण सुरु भई सम्पन्न नभएका थुप्रै अस्पतालहरू छन्। ती अस्पतालहरू निर्माण सम्पन्न गरी चालू गर्नुपर्ने जिम्मेवारी पनि वर्तमान सरकारको काँधमा छ। ३३६ आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य बजेटले लिएको छ। यो सकारात्मक कुरा हो। कति निर्माण सम्पन्न अस्पतालहरूमा जनशक्ति अभावका कारण सञ्चालनमा आउन सकेको छैन भने कतिमा आवश्यक स्वास्थ्य उपकरण अभाव छन्। ती सबै अस्पतालहरू चालू गर्नु पनि वर्तमान सरकारको लागि चुनौती हो। १ खर्ब ९५ अर्ब बजेट यी सबै कार्य सम्पन्न गर्न पर्याप्त छैन।

सरकारले निःशुल्क वितरण गर्ने भनिएका औषधि खरिदका लागि पनि अर्बौंको बजेट आवश्यक पर्छ। नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार निःशुल्क भनेको छ। त्यसको लागि देशभरका अस्पतालहरू निर्माण गरी स्थानीय जनतालाई सहज सेवा प्रदान गर्ने वातावरण दिनुपर्दछ।

चिकित्सकहरूलाई नेपालमा टिकाइराख्ने हो भने सरकारले धेरै विद्यार्थीलाई छात्रवृत्ति दिएर चिकित्सा शिक्षा अध्ययन गराउनुपर्छ। छात्रवृत्तिमा पढेका चिकित्सकहरूले निश्चित अवधिसम्म नेपाल सरकारले खटाएको ठाउँमा गएर सेवा नगरेमा त्यस्ताहरूलाई सावाँ ब्याज असुल गरेर मात्र पुग्दैन, कडा कारबाही पनि गर्नुपर्दछ।

स्थानीय पालिकाहरूले आफ्नै पहलमा स्थापना र सञ्चालन गरिरहेका अस्पतालहरूलाई भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य उपकरणहरू राख्न आर्थिक सहयोग गर्नु आवश्यक छ। यस्ता कार्यहरूले सङ्घ र स्थानीय सरकारबिच सहकार्यको वातावरण निर्माण हुनुका साथै सङ्घ सरकारलाई आर्थिक भार कम पर्छ।

सबै अस्पतालहरू सङ्घ सरकारले निर्माण गर्नुभन्दा सङ्घ र स्थानीय साझेदारीमा निर्माण गर्ने र सञ्चालन खर्च पनि साझेदारीमा गर्न सके त्यसले अस्पतालले राम्रो उपचार गर्नुका साथै जनताको छिटो र सहज उपचारमा पहुँच पुग्नेछ।

# घरकि मुर्गी दाल बराबर वा नजिकको तीर्थ हेला हो ?

● अरुणा उप्रेती

हामी फर्सीको तरकारीभन्दा मन अमिलो पार्छौं, तर विदेशबाट ल्याएको 'पम्पकिन सूप' खाँदा आनन्द मान्छौँ। एउटै कुरा हो भन्ने थाहा नपाउनेले सोयाबिनलाई 'वाह' भन्छ, घरको भटमास चाहिँ वास्ता गर्दैन।

हामी घरमा अतिथि बोलाउँदा बाहिरबाट पिज्जा र केक मगाएर खुवाउँछौँ, घरमै पकाएको दाल, भात, तरकारी, रोटी, अचार र साग दिन लाज मान्छौँ। पाहुनालाई मही, कागती र बाबरीको सर्वत दिन हिचकिचाउँछौँ, तर स्वास्थ्य खराब पार्ने गुलियो पेयपदार्थ मनग्गे खुवाउँछौँ। बजारबाट बोक्रैसहितको बदाम किनेर ल्याई छोडाएर पाहुनालाई दिन लाज मान्छौँ, तर 'पीनटको प्याकेट' थमाउनमा गर्व गर्छौं। चना भुटेर दिन हिचकिचाउँदै प्याकेटमा रहेको नुनिलो 'ग्रीन पीज' पस्कन्छौँ। विदेशीले 'दूध खाए मुटुमा बोसो भई मुटुसम्बन्धी रोग लाग्छ' भनेकै भरमा गाईको दूध छोडेर भटमासको दूध खान्छौँ।

हाम्रा पुर्खालाई शरीरमा कति कति पोषक तत्त्व चाहिन्छ भन्नेबारे वैज्ञानिक रूपमा थाहा थिएन होला, तापनि उनीहरूले सधैँ शुद्ध खानेकुरा खाए। अहिले विदेशी वैज्ञानिकबाट सुनेर हामी अनेक शुद्ध पोषक तत्त्वको कुरा गर्छौं, तर पुर्खाले हजारौँ वर्षदेखिको अभ्यासबाट दिएको यसैसम्बन्धी ज्ञान बिर्सन्छौँ।

तिल, आलस, मुङ्ग्रेलो, अमला, अम्बा हाम्रो दैनिक जीवनका अङ्ग थिए। तर, हामीलाई अहिले स्वास्थ्य संरक्षण गर्ने नाममा पसलबाट चक्की किनेर खाने बानी लागेको छ। ती चक्की खाइरहँदा बिर्सन्छौँ कि तिनले भन्दा राम्रो परिणाम दिने खानेकुरा हाम्रै भान्सामा सजिलै पाइन्छ।

विदेशीले 'क्लारिफाइड बटर' खानु राम्रो भनेपछि आँखा चिम्लेर पत्यायौँ, तर त्यो बटर भनेको हाम्रो घरमा पाइने घ्यूकै एउटा रूप हो भनेर बिर्सियौँ। घरमा



सजिलै पाइने बाबरीको पातलाई वास्ता नगर्ने हामी 'मिन्ट वाटर' भन्दै बोतलको महँगो पेय किन्दा चाहिँ दङ्ग पर्छौं।

फर्सीको तरकारीभन्दा मन अमिलो पार्छौं, तर 'पम्पकिन सूप' खाँदा आनन्द मान्छौँ। एउटै कुरा हो भन्ने थाहा नपाउनेले सोयाबिनलाई 'वाह' भन्छन्, भटमास चाहिँ वास्ता गर्दैनन्। हामीलाई घरमा भुटेको भात 'छ्या' लाग्छ, होटलमा 'फ्राइड राइस' भन्दै बढी पैसा तिर्दा आनन्द मान्छौँ।हामीलाई भोजनमा पनि किन यतिसम्म अङ्ग्रेजीहरू अङ्ग्रेजी नाम दिइएका खाना राम्रो, नेपाली नाम दिइएका चाहिँ नराम्रो भन्ने मानसिकताले किन यसरी गाँजेको ? मौलिक खानालाई बेवास्ता गर्दै बाहिरबाट आएका प्याकेटका खानेकुरा दिँदा बालबालिकालाई कुपोषण भएको हेक्का हामीले राखेकै छैनौँ। बालबालिकालाई कुपोषणबाट जोगाउने योजना बनाउँदा गहुँ, फापर, आलु, बोडी, सिमी आदिलाई वास्तै गरिँदैन। किनकि, ती सस्तोमा पाइन्छन् र रङ्गीचङ्गी प्याकेटमा पनि आउँदैनन्।

फर्सीको खिर खुवाउनुपर्छ भन्ने संस्थाले कुभिन्डो, लौका र इस्कुस पनि उत्तिकै स्वस्थकर हुन्छ भन्ने ज्ञान दिँदैन। फर्सी नभएको ठाउँमा कुभिन्डो र लौका फलिरहेको हुन्छ। स्वास्थ्यकर्मीले वास्ता नगर्दा त्यो त्यत्तिकै कुहिएर गइरहेको हुन्छ। 'नजिकको तीर्थ हेला' भनेको यही होला। त्यही कुभिन्डो र इस्कुसको महिमा भोलि कसैले अङ्ग्रेजीमा गाइदियो भने चाहिँ हामी त्यसैको पछि लाग्छौँ।

हामीकहाँ लट्टेको साग पाहुनालाई खुवाउँदा उनीहरूले अपमान महसुस गर्न सक्छन्। तर त्यसैलाई अङ्ग्रेजीमा सुपरफुड 'अमरान्थ' भन्दै ठूला होटलमा बेच्दा खूब उपयोगी मानिन्छ।. कृतिले दिएको अति राम्रो उपहार हो - आलस। मधेसतिर यसलाई 'अल्सी' भनिन्छ। नेपालमा प्रायः यसको महत्त्व त्यति थाहा छैन। आलसको पोषण तत्त्व र औषधि, आलसमा पाइने एउटा महत्त्वपूर्ण तत्त्व ओमेगा प्याट्टी एसिड हो, जुन माछामा पाइन्छ र महँगो पैसा तिरेर खाइन्छ। तर, सस्तोमा नै त्यो एसिड आलसमा पाइन्छ भन्ने हामीलाई थाहा छैन। आलसको अर्को विशेषता भनेको यसमा भिटामिन 'बी' पर्याप्त मात्रामा हुन्छ। त्यसैगरी सूक्ष्म पौष्टिक तत्त्व म्याग्नेसियम पनि पर्याप्त हुन्छ। १०० ग्राम आलसमा प्रोटिन १८ प्रतिशत हुन्छ। २७.३ ग्राम रेशादार पदार्थ पाइन्छ। रेशादार पदार्थले कब्जियत हटाउन, मोटोपन घटाउन र उच्च रक्तचाप कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। क्याल्सियम, जिन्क, म्याग्नेसियम आदिले गर्दा यो पोषणले युक्त हुन्छ। तर, यस्ता वस्तु बेवास्ता गरिने किन होला ?

# “अतिक्रमित क्षेत्र” : किन नेपाल–भारत सीमा विवाद फेरि चर्किंदै छ ?

✍ सारा शमिम्



(नेपालले भारतीय भूभाग मिचेको बारेमा बालेन्द्र साहको हालैको टिप्पणीले २ सय वर्ष पुरानो सीमा विवादलाई पुनर्जीवित गरेको छ ।)

नेपालका प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा नेपालले पनि भारतीय भूभाग मिचेको दाबी गरेपछि भारतसँगको सीमा विवादलाई पुनः चर्काएका छन् । यो नेपालको साझा अडानभन्दा अलग्गिएको कुरा हो, नेपालले मुख्यतया आफ्नो ठुलो छिमेकी भारतलाई आफ्नो भूमि कब्जा गर्दै आएको आरोप लगाउनमा केन्द्रित थियो ।

यस वर्षको सुरुमा देशको सबैभन्दा कान्छो प्रधानमन्त्री बनेपछि आइतबार नेपालको सङ्घीय संसद्मा आफ्नो पहिलो औपचारिक सम्बोधनमा बोल्दै ३५ वर्षीय साहले आफ्नो टिप्पणीले नेपाली सांसदहरूमाझ आक्रोश सल्काए ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका सीमा क्षेत्रहरूमा नेपाल र भारतबिच लामो समयदेखि चलिरहेको विवाद वर्षौंदेखि समय-समयमा उठ्दै आएको छ । यो द्वन्द्व विवादित इतिहास, भूगोल, राजनीति र नक्साको मिश्रण हो ।

साहले के भने, सीमा विवाद के हो र यसको अर्थ के हो, यहाँ चर्चा गरौं ।

**कालापानी-लिपुलेकबारे साहले के भने ?**

“तपाईँलाई एउटा कुरा अचम्म लाग्छ होला, म पनि अस्ति भर्खर प्रधानमन्त्री भएपछि नै थाहा पाएँ, भारतले नेपालको जग्गा मिचेको मात्र होइन, नेपालले पनि भारतको थुप्रै जग्गा मिचेको रहेछ” साहले संसद्लाई सम्बोधन गर्ने क्रममा साहले भने ।

उनले नेपालले भारतको कुन-कुन भागमा अतिक्रमण गरेको विश्वास गरे भन्नेबारेमा विस्तृत रूपमा बताएनन् ।

“अब दुवै देशले तथ्यहरूको अध्ययन गर्नुपर्छ र साथीको रूपमा सँगै बसेर समस्या समाधान गर्नुपर्छ,” उनले थपे ।

प्रम साहले यस वर्षको मार्च २७ मा नेपालको प्रधानमन्त्रीको रूपमा शपथ लिएका थिए । उनी यसअघि काठमाडौँका मेयर थिए, २०२२ मा स्वतन्त्र उम्मेदवारको रूपमा यो पद जितेका थिए । उनी एक विवादास्पद व्यक्तित्व थिए, जसले सडक पसलेहरूमाथि कारबाही सुरु गरे, जसको नागरिक समाजका नेताहरूबाट आलोचना भएको थियो । यसभन्दा पहिले, उनी एक र्‍यापर थिए जसले भ्रष्टाचार र असमानतालाई उजागर गर्न आफ्नो आवाज प्रयोग गर्थे ।

युवा आन्दोलनले अघिल्लो सरकारलाई अपदस्थ गरेपछि, सेप्टेम्बर २०२५ मा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले राजीनामा दिएपछि, शाह डिसेम्बर २०२५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा सामेल भए ।

मुस्किलले चार वर्ष पुरानो यो पार्टीको स्थापना पूर्व-पत्रकार रवि लामिछानेले गरेका थिए, जो हाल नेपाली संसद्मा सांसद छन् । लामिछाने सोमबार पाँचदिने भ्रमणका लागि भारतको राजधानी नयाँ दिल्ली पुगेका छन् जहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) सँग उच्चस्तरीय राजनीतिक र कूटनीतिक वार्ता चालू छ ।

साहले थपे कि नेपाली सांसदहरूले क्षेत्रीय विवादको बारेमा चीन र बेलायतसँग सम्पर्क गरेका छन्, बेलायतसँग पनि किनभने भारतीय उपमहाद्वीपमा उसको औपनिवेशिक विरासतका कारणले ।

बेलायती सहयोग प्रयोग गरेर साहले “यस मुद्दामा बेलायतको मध्यस्थता खोजिरहेका छैनन् - बरु सन् १८२७ र १८३४ देखिका विभिन्न मौलिक सर्वेक्षण नक्साहरूको सम्बन्धमा सहयोग खोजिरहेका छन्, जसले भारतसँग वार्ता गर्दा हाम्रो स्थितिलाई बलियो बनाउनेछ”, काठमाडौँस्थित दक्षिण एसियाली अध्ययन केन्द्रका निर्देशक निश्चल पाण्डेले अल जजीरालाई भने ।

पूर्वनेपाली कूटनीतिज्ञ लोकराज बरालले २०२० मा अल जजीरालाई भनेका थिए कि नेपालको ऐतिहासिक रूपमा आफ्नै नक्साको अभाव थियो, त्यसैले “ब्रिटिश भारतद्वारा प्रकाशित नक्सामा निर्भर” थियो ।

**कालापानी-लिपुलेक द्वन्द्व के हो ?**

भारत र नेपालबिच १,८०० किलोमिटर खुला सीमा छ - भारतीय र नेपालीहरूलाई पार गर्न भिसा आवश्यक पर्दैन । त्यो सीमाको एउटा भाग, सुदूर पश्चिममा, विवादित छ : लिम्पियाधुरा, लिपुलेक र कालापानीसम्म फैलिएको क्षेत्र ।

यो द्वन्द्व सन् १८१६ को सुगौली सन्धिदेखिको हो, जुन सन्धि नेपालले इस्ट इन्डिया कम्पनीसँगको पश्चिमी सीमा परिभाषित गर्न ब्रिटिश औपनिवेशिक शासकहरूसँग गरेको थियो ।

“नेपाल दक्षिण एसियाको सबैभन्दा पुरानो सार्वभौम राष्ट्र हो र भारतसँग कहिल्यै युद्ध लडेको छैन, बरु ब्रिटिशहरूसँग युद्ध भएको थियो,” पाण्डेले भने ।

“नेपाल-अङ्ग्रेज युद्धपछि हस्ताक्षर गरिएको सन् १८१६ को सुगौली सन्धिले नेपालले ‘काली नदीको पश्चिममा’ भूभाग सुम्पेको देखाउँछ तर काली नदी कहाँबाट उत्पत्ति हुन्छ भनेर परिभाषित गर्दैन । सन्धिमा कुनै नक्सा पनि संलग्न गरिएको थिएन,” पाण्डेले भने ।

उनले व्याख्या गरे कि यो नक्सा छुटेको कारण लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूभाग नेपालको हो भन्ने पक्ष र विपक्षमा विभिन्न तर्कहरू उठेका छन् ।

सन् १९६२ मा नयाँ दिल्लीले पेइचिङसँग युद्ध लडेदेखि नै कालापानीमा भारतीय सेना तैनाथ गरेको थियो । भारत र चीनको बिचमा रहेको नेपालले त्यतिबेला मौन बस्न र आफ्ना विशाल छिमेकीहरूबिचको द्वन्द्वको समयमा तटस्थ बस्ने भरपुर प्रयास गरेको मानिन्छ ।

तर, त्यसबेलादेखि नेपालले काली नदीलाई - भारत र नेपालबिचको सीमाको सीमाङ्कन रेखा - लिम्पियाधुराबाट उत्पत्ति भएको दाबी गर्दै आएको छ, जबकि नयाँ दिल्लीले दाबी गर्छ कि सीमाको रूपमा काम गर्ने नदी लिपुलेखबाट निस्केको हो । नेपालले भारतले सीमा मानेको नदी सन् १८१६ को सन्धिमा उल्लेख गरिएको मुख्य नदी कालीको सहायक नदी हो भनी बताउँछ ।

विवादित भूमि दुई नदीहरूको बिचमा पर्छ ।

**हालसालै यो द्वन्द्व कहिलेदेखि अगाडि आयो ?**

गत महिना, नयाँ दिल्लीले विवादित लिपुलेक भन्ज्याङ हुँदै धार्मिक तीर्थयात्रा पुनः सुरु गर्ने घोषणा गर्‍यो । कोभिड-१९ महामारीका कारण सन् २०२० मा यसलाई निलम्बन गरिएको थियो ।

नेपालको परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको भूभाग भएकोमा जोड दिएको छ, “यस विषयमा सरकारको अडान स्पष्ट र दृढ छ ।”

भारतको विदेश मन्त्रालयले प्रतिक्रिया दिँदै भन्यो कि लिपुलेकलाई हिन्दू, बौद्ध, जैन र बोन अनुयायीहरूले सन् १९५४ देखि तिब्बतको कैलाश पर्वत र मानसरोवर तालको तीर्थयात्राका लागि प्रयोग गर्दै आएका छन् ।

“यो कुनै नयाँ विकास होइन,“ एक प्रवक्ताले भने । “भारतले निरन्तर भन्दै आएको छ कि यस्ता दाबीहरू न त जायज छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन् । क्षेत्रीय दाबीहरूको यस्तो एकतर्फी कृत्रिम विस्तार असम्भव छ ।”

मे २०२० मा, भारतले राजधानी नयाँ दिल्ली र तिब्बती पठारमा रहेको एक सम्मानित तीर्थस्थल कैलाश-मानसरोवरबिचको सबैभन्दा छोटो मार्गको रूपमा प्रयोग गर्न ८० किलोमिटर लामो लिपुलेक सडकको उद्घाटन गर्‍यो । भारतले यो हिमालयन लिङ्क रोडको उद्घाटन गरेकोमा नेपालले विरोध जनाएको थियो ।

“नेपाल सरकारले हिजो भारतले नेपाली भूभाग हुँदै जाने लिपुलेक (नेपाल) लाई जोड्ने ‘लिङ्क रोड’ को ‘उद्घाटन’ गरेकोमा दुःख व्यक्त गर्दै थाहा पाएको छ” नेपालको परराष्ट्र मन्त्रालयले त्यसबेला एक विज्ञप्तिमा भनेको थियो ।

**के यी तिनै साह हुन् जसले ‘ग्रेटर नेपाल’ नक्सा अनावरण गरेका थिए ?**

नेपालका प्रधानमन्त्री बालेन्द्र साहले विगतमा “ग्रेटर नेपाल” को विचारलाई समर्थन गरेका थिए - जसमा वर्तमान भारतका केही भागहरू पनि समावेश थिए ।

२०२३ मा, भारतले भारतीय संसद्मा ‘अखण्ड भारत’ (ग्रेटर इन्डिया) को भित्तेचित्र राखेपछि - जसमा धेरै छिमेकी राष्ट्रहरू समेटिएका थिए । साहले आफ्नो कार्यालयमा ‘ग्रेटर नेपाल” नक्सा झुण्ड्याए, जसमा पहिले नेपालको स्वमित्वमा रहेका तर अहिले भारतको सिमानाभित्र रहेका क्षेत्रहरू पनि समावेश थिए ।

दुवै नक्सा स्पष्ट रूपमा वर्तमान सिमाना र लिपुलेक वा कालापानीजस्ता लेबलहरूसहितको राजनीतिक नक्सा होइनन् । बरु, अखण्ड भारत भित्तेचित्र र ग्रेटर नेपाल नक्सा दुवैले क्षेत्रको अधिकतमवादी ऐतिहासिक दृष्टिकोणलाई अपिल गर्दछ । यी दुई नक्सामा लिपुलेक र कालापानी कहाँ थिए भन्ने कुरा स्पष्ट छैन ।

जून २०२३ मा, काठमाडौँको मेयरको हैसियतमा, साहले राजधानीका सिनेमाघरहरूलाई हिन्दी चलचित्रहरू प्रदर्शन गर्न रोक्न आदेश दिए । उच्च अदालतले नेपाल मोसन पिक्चर एसोसिएसनको निवेदनमा काम गर्दै हिन्दी चलचित्र प्रदर्शन रोक्न अधिकारीहरूलाई अन्तरिम आदेश जारी गरेपछि त्यस महिनापछि प्रदर्शनहरू पुनः सुरु भयो ।

**साहको टिप्पणीप्रति कस्तो प्रतिक्रिया आयो ?**

विपक्षी नेपाली काङ्ग्रेस पार्टीको प्रतिनिधित्व गर्ने सांसद बासना थापाले साहको टिप्पणीमा स्पष्टीकरण माग गरेकी छिन्, नेपाली प्रमुख दैनिक कान्तिपुरले आइतबार रिपोर्ट गरेको थियो ।

रिपोर्टका अनुसार, थापाले भने; “यदि तथ्यबिना दुई देशको सीमाको बारेमा प्रधानमन्त्रीको भनाइ सही छैन भने, म यसलाई रेकर्डबाट हटाउन माग गर्न चाहन्छु ।”

नेपाली कम्युनिस्ट पार्टीको प्रतिनिधित्व गर्ने सांसद रमेशकुमार मल्लले साहको टिप्पणीलाई “देशको राष्ट्रिय अखण्डताको बारेमा अपमानजनक कथन” भनेर वर्णन गरे, कान्तिपुरले रिपोर्ट गरेको थियो ।

भारतका लागि नेपालका पूर्वराजदूत नीलाम्बर आचार्यले कान्तिपुरलाई भने कि साहले दाबी गरेको विपरीत नेपालले भारतीय भूमिमा अतिक्रमण गरेको छैन ।

“नेपाली राज्यले भारतको कुनै पनि भूमिमा अतिक्रमण गरेको छैन । यो प्रधानमन्त्रीले भने जस्तो होइन,” आचार्यलाई उद्धृत गर्दै भनिएको छ ।

आइतबार, नेपालको परराष्ट्र मन्त्रालयले साहको टिप्पणीको जवाफ जारी गर्‍यो ।

मन्त्रालयको विज्ञप्तिमा भनिएको छ कि नेपाल र भारत दुवैले लिपुलेक भन्ज्याङसँग सम्बन्धित कूटनीतिक माध्यम र आपसी संवादमार्फत सीमासम्बन्धी विवादहरू समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

“सीमा विवादमा भारतसँग संलग्न हुन सरकारको इच्छुकता न त नयाँ छ न त आश्चर्यजनक छ,” पूर्वपत्रकार तथा काठमाडौँस्थित राजनीतिक विश्लेषक अनुराग आचार्यले अल जजीरालाई भने ।

आचार्यले नेपालका विगतका सरकारहरूले पनि यो प्रयास गरेको बताए । ओली सरकार र भारतले सन् २०१६ मा नेपाल-भारत सम्बन्धको व्यापक समीक्षा गर्न र सबै बाँकी रहेका द्विपक्षीय मुद्दाहरू समाधान गर्ने उपायहरू सुझाव दिन संयुक्त प्रबुद्ध व्यक्ति समूह ( EPG) स्थापना गर्न सहमत भएका थिए ।

“यद्यपि, यो अभ्यासलाई सम्बोधन गर्न सुरु गरिएको विश्वासको कमीले सताएको थियो,” आचार्यले भने ।

नेपालको परराष्ट्र मन्त्रालयले भन्यो कि साहको भनाइको अर्थ कानुनी सिमाना र वास्तविक भूमि प्रयोग वा ‘सीमापार कब्जा’ बिच प्राविधिक, स्थानीय बेमेल हुन सक्छ । उदाहरणका लागि, नेपाली नागरिकहरू खेती गरिरहेका वा कानुनी रूपमा पुरानो सीमा रेखाको भारततर्फ रहेको जग्गामा बसोबास गरिरहेका हुन सक्छन् र यसको विपरीत पनि हुन सक्छ ।


“नेपाल र भारतबिचको लामो सीमालाई व्यवस्थित र वैज्ञानिक तरिकाले व्यवस्थापन गर्न, दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू नक्साङ्कन सम्पन्न भएका क्षेत्रहरूमा सक्रिय छन्,” मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

**नेपालको लागि यसको अर्थ के हो ?**

“संसद्भित्र कूटनीतिक रूपमा संवेदनशील विषयमा प्रधानमन्त्रीको ‘अपरिपक्व’ टिप्पणीले नेपाललाई भारतसँगको द्विपक्षीय वार्तामा गम्भीर परिणाम ल्याउनेछ किनकि हामी विवादास्पद सीमा विवादमा वार्ता गरिरहेका छौँ” काठमाडौँस्थित राजनीतिक विश्लेषक आचार्यले भने ।

“मलाई लाग्छ यो नेपाली वार्ताकारहरूले यो जटिल मुद्दामा छलफल गर्न बसे भने, यो टिप्पणी एउटा भार हुनेछ ।”

*(साराले यसअघि एसियाका समाचार आउटलेटहरू जस्तै पाकिस्तानको डन न्यूज, नेपालको काठमाडौँ पोस्ट र सिङ्गापुरको कन्टिनेन्टालिस्टमा योगदान पुर्‍याएकी छिन् ।)*





अफ्रिकी राष्ट्र जाम्बियाको राजधानी लुसाकास्थित म्याकेनी शरणार्थी ट्रन्जिट सेन्टरमा शरणार्थी मामिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका प्रतिनिधिलाई चिकित्सा सामग्री सहयोग हस्तान्तरण गर्दै २६ औं चिनियाँ चिकित्सा टीमका नेता झाङ यिङजियानलगायत जून २, २०२६ का दिन । जाम्बियामा रहेको म्याकेनी शरणार्थी ट्रन्जिट सेन्टरमा विभिन्न अफ्रिकी देशबाट आएका शरणार्थीहरूको नि:शुल्क स्वास्थ्योपचार चिनयाँलगायत विभिन्न देशका स्वयम्सेवी चिकित्सकहरूले गर्दै आएका छन् । *तस्बिर : मार्टिन एम्वानक्वेटा/सिन्ह्वा*

# रुस–युक्रेनबिच भीषण आक्रमण र प्रत्याक्रमण जारी

किएभ, ३ जून (एपी) । रुसले रातभर युक्रेनका विभिन्न सहरहरूमा गरेको व्यापक हवाई आक्रमणमा कम्तीमा २२ जनाको मृत्यु भएको छ भने १३८ जना घाइते भएका छन् । सयौँ ड्रोन र दर्जनौँ क्षेप्यास्त्र प्रयोग गरी गरिएको उक्त आक्रमणले राजधानी किएभसहित मध्य र पूर्वी युक्रेनका धेरै सहरमा ठुलो जनधनको क्षति पुऱ्याएको छ ।

युक्रेनी अधिकारीहरूका अनुसार डिनिप्रोमा १६ जनाको मृत्यु भएको छ भने राजधानी किएभमा ६ जनाले ज्यान गुमाएका छन् । उद्धारकर्मीहरूले भग्नावशेषबाट एक तीन वर्षीया बालक, एक महिला र उनका आठ वर्षीय छोराको शव निकालिएको पुष्टि गरेका छन् । विस्फोटका कारण अपार्टमेन्ट भवनहरू ध्वस्त भएका छन् र धेरै क्षेत्रमा खोज तथा उद्धार कार्य जारी छ ।

आक्रमण बिहानसम्म जारी रहँदा विभिन्न सहरहरूमा लगातार विस्फोटका आवाज सुनिएको थियो । डिनिप्रो र आसपासका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएका छन् भने राजधानी किएभमा पनि व्यापक क्षति पुगेको छ ।

युक्रेनी वायु सेनाका अनुसार रुसले कुल ७३ वटा क्षेप्यास्त्र र ६५६ वटा ड्रोन प्रहार गरेको थियो । तीमध्ये ४० वटा क्षेप्यास्त्र र ६०२ वटा ड्रोन नष्ट वा निष्क्रिय पारिएको दाबी गरिएको छ । आक्रमणको लक्ष्य किएभ, डिनिप्रो, पोल्टावा, खार्किभ र जापोरिझिया क्षेत्रहरू रहेका थिए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पछिल्ला हप्ताहरूमा हवाई आक्रमण तीव्र बनाउँदै युक्रेनको हवाई सुरक्षा कमजोरीको फाइदा उठाउन खोजेको युक्रेनी पक्षको आरोप छ । युक्रेनले पश्चिमी सहयोग विशेषगरी अमेरिकी हतियार आपूर्तिको कमीका कारण ब्यालेस्टिक क्षेप्यास्त्रको जोखिम अझ बढेको जनाएको छ ।

यसैबिच, रुसी रक्षा मन्त्रालयले भने किएभसहित विभिन्न क्षेत्रका सैन्य-औद्योगिक संरचनाहरूलाई लक्षित गरिएको दाबी गरेको छ । तर, युक्रेनले आवासीय र नागरिक संरचना बढी प्रभावित भएको जनाएको छ ।

विश्लेषकहरूका अनुसार युद्ध चार वर्ष पुग्दै गर्दा दुबै पक्षबिच रणनीतिक दबाब बढ्दै गएको छ । युक्रेनले रुसका आपूर्ति लाइन र तेल संरचनामा समेत आक्रमण बढाइरहेको बताइएको छ भने मस्कोले आफ्नो हवाई अभियानलाई अझ तीव्र बनाएको देखिएको छ ।

यसैबिच शान्ति प्रयासहरू अझै निष्कर्षविहीन रहेका छन् । अमेरिकाको नेतृत्वमा भएका वार्ताहरू प्रभावकारी बन्न नसकेको र युद्धविरामबारे दुबै पक्षबिच गहिरो मतभेद कायमै रहेको बताइएको छ ।

डिनिप्रोका मेयर बोरिस फिलाटोभले सहरमा मृतकहरूको सम्मानमा शोकको घोषणा गर्नुभएको छ । यद्यपि, आक्रमणपछि पनि केही स्थानमा पुन: ड्रोन आक्रमण जारी रहेको र जनजीवन थप असुरक्षित बनेको जनाइएको छ ।

रुसले युद्धलाई नयाँ चरणमा प्रवेश गरेको दाबी गर्दै युक्रेनमा आफ्नो सैन्य अभियान रोक्ने सङ्केत नदिएको देखिएको छ, जसले क्षेत्रीय तनावलाई अझ गहिरो बनाएको छ ।

# कुवेत विमानस्थलमा इरानको प्रत्याक्रमण

दुबई, ३ जून (एपी) । इरान र संयुक्त राज्य अमेरिकाबिच बढ्दो सैन्य तनावबिच बुधबार कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा इरानले प्रत्याक्रमण स्वरूप ड्रोन आक्रमण भएपछि व्यापारिक उडानहरू तत्कालका लागि स्थगित गरिएको छ । यस घटनामा धेरै मानिस घाइते भएका छन् र विमानस्थल संरचनामा गम्भीर क्षति पुगेको कुवेतले जनाएको छ ।

कुवेतको रक्षा मन्त्रालयका प्रवक्ता ब्रिगेडियर जनरल साउद अब्दुलाजिज अल-ओतैबीका अनुसार 'धेरै शत्रुतापूर्ण ड्रोन' ले विमानस्थलको यात्रु भवनलाई लक्षित गरी आक्रमण गरेका थिए । आक्रमणपछि भवनमा ठुलो क्षति पुगेको र धेरै व्यक्ति घाइते भएको पुष्टि गरिएको छ । इरानसँगको युद्धका कारण अस्थायी रूपमा बन्द रहेको विमानस्थल हालै जुन १ मा मात्र पुन: सञ्चालनमा आएको थियो ।

यो आक्रमण इरान र अमेरिकाबिच पछिल्ला दिनहरूमा क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू आदानप्रदान भइरहेको समयमा भएको हो । मङ्गलबार राति अमेरिकी सेनाले कुवेत र बहराइनबाट इरानी सैन्य संरचनामा प्रहार गरेको जवाफस्वरूप भएको बताएको छ ।

अमेरिकी सेन्ट्रल कमान्डले कुवेतमा अमेरिकी सेनालाई लक्षित गर्दै आएका धेरै ड्रोनहरू खसालिएको जनाएको छ । त्यसैगरी, इरानको इस्लामिक रिभोलुसनरी गार्डले बहराइन र अन्य क्षेत्रमा अमेरिकी सैन्य उपस्थिति भएका स्थानलाई लक्षित गरेको दाबी गरेको छ । यद्यपि, कुवेतको नाम प्रत्यक्ष रूपमा उल्लेख गरिएको छैन ।

इरानी पक्षले अमेरिकी नाकाबन्दीबिच तेल ट्याङ्करमाथि गरिएको कथित आक्रमणको प्रतिक्रियामा यी कारबाही गरिएको बताएको छ । गार्डद्वारा जारी विज्ञप्तिमा पहिले चेतावनी दिइएको भए पनि आक्रमण भएमा कडा प्रतिक्रिया दिइने बताइएको छ ।

यसैबिच अमेरिकी सेन्ट्रल कमान्डले हर्मुज जलडमरु नजिकै इरानी सैन्य सञ्चार तथा नियन्त्रण केन्द्रमा जवाफी कारबाही गरिएको जनाएको छ । दुवै पक्षले एकअर्कामाथि आक्रमण जारी राख्दा क्षेत्रीय तनाव थप चुलिएको देखिएको छ ।

क्षेत्रीय मध्यस्थतामा संलग्न एक अधिकारीका अनुसार इरानले हालै लेबनानमा युद्धविराम कार्यान्वयन नभएसम्म वार्ता अघि नबढाउने स्पष्ट सङ्केत दिएको थियो । तर, परिस्थितिबारे आधिकारिक रूपमा कुनै स्थगन घोषणा नभएको बताइएको छ ।

कुवेत विमानस्थलमा भएको पछिल्लो आक्रमणले मध्यपूर्वमा चलिरहेको सैन्य तनाव अझै नियन्त्रण बाहिर जान सक्ने चिन्ता बढाएको छ । यसले नागरिक संरचना र अन्तर्राष्ट्रिय उडान सुरक्षामाथि थप दबाब सिर्जना गरेको छ ।

# थाइल्यान्डमा भएको ड्रोन आक्रमणमा म्यानमाका तीन जना आप्रवासीको मृत्यु

बैङ्कक, ३ जून (एएफपी) । म्यानमाको गृहयुद्धमा प्रयोग गरिएको ड्रोन छिमेकी मुलुक थाइल्यान्डमा विस्फोट हुँदा तीन जना म्यानमाका आप्रवासीको मृत्यु हुनुका साथै दुई जना घाइते भएको थाई प्रहरीले बुधबार जनाएको छ ।

थाई अधिकारीहरू म्यानमाको करेन राज्यको विपरीत टाक प्रान्तमा विस्फोट भएको खबर प्राप्त भएपछि घटना स्थलमा पुगेको स्थानीय प्रहरी प्रमुख अनुसोर्न डुङ्कोडलाई उदृत गर्दै एएफपीले बताएको छ ।

आक्रमणमा तीन जनाको मृत्यु भएको छ, तिनीहरू सबै म्यानमाका आप्रवासी कामदारहरू रहेको प्रहरीले पुष्टि गरेको छ ।

दुई देशको सीमामा रहेको रूखमा ठोक्किएर ड्रोन विस्फोट हुँदा नजिकैको खेतमा काम गर्ने मजदुरहरूको मृत्यु भएको अनुसोर्नले बताउनुभएको छ ।

आक्रमणमा घाइते भएका दुई जनालाई उपचारका लागि स्थानीय अस्पतालमा लगिएको उहाँले बताउनुभएको छ ।

सन् २०२१ को विद्रोहमा सेनाले सत्ता कब्जा गरेदेखि म्यानमाका सशस्त्र सेनाहरू प्रजातन्त्र समर्थक गुरिल्ला र शक्तिशाली जातीय-अल्पसङ्ख्यक सशस्त्र समूहहरूसँग लडिरहेका छन् ।

म्यानमाको सीमावर्ती क्षेत्रमा विभिन्न जातीय-अल्पसङ्ख्यक गुटहरूको बसोबासस्थल हो, जसमध्ये धेरैले सन् १९४८ मा बेलायतबाट देश स्वतन्त्रता भएदेखि स्वायत्तता र आकर्षक प्राकृतिक स्रोतहरूको नियन्त्रणका लागि सेनासँग लडिरहेका छन् ।

सैन्य र जातीय सेना दुवैले युद्धमा ड्रोन प्रयोग गर्ने गरेको उल्लेख गर्दै थाई क्षेत्रमा विस्फोट भएको उक्त ड्रोन कुन पक्षले प्रक्षेपण गरेको थियो भन्नेबारे अझै स्पष्ट नभएको जनाएका छन् ।

विद्रोही गुटहरूले राज्यको धेरै भाग नियन्त्रणमा राखेका छन् भने मङ्गलबार सेनासँग भएको लडाइँले म्यानमाका धेरै मानिसहरूलाई सीमा पार गरेर थाइल्यान्डमा पलायन गरेको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।

# जाङ्मीको प्रभाव : टोकियो क्षेत्रमा बाढी जोखिम, उडान र रेल सेवा प्रभावित

टोकियो, ३ जून (एपी) । उष्णकटिबन्धीय आँधी जाङ्मीका कारण परेको लगातार भारी वर्षाले जापानको टोकियो क्षेत्रसहित पूर्वी र मध्य भागमा बाढीको जोखिम उल्लेखनीय रूपमा बढाएको छ । जनघनत्व अत्यधिक रहेको राजधानी क्षेत्रमा आँधी प्रवेश गरेसँगै सडक यातायात अवरुद्ध भएको छ, सयौँ उडान रद्द भएका छन्, रेल सेवा प्रभावित बनेका छन् र हजारौँ घर अन्धकारमा परेका छन् ।

बुधबार उत्तरपूर्वतर्फ सर्दै गरेको जाङ्मीले भारी वर्षासहित तीव्र हावा ल्याएपछि दैनिक जनजीवन अस्तव्यस्त बनेको हो । राजधानी क्षेत्रलाई सेवा दिने टोकियो इलेक्ट्रिक पावर कम्पनी होल्डिङका अनुसार पाँच हजारभन्दा बढी घरमा विद्युत् आपूर्ति अवरुद्ध भएको छ ।

टोकियोको मुख्य सहरी क्षेत्रमा पर्ने जेनपुकुजी नदी आसपासका बासिन्दालाई सुरक्षित स्थानमा सर्न र आवश्यक परे आश्रय लिन आग्रह गरिएको छ । स्थानीय टेलिभिजनहरूले नदी किनारनजिकै माटोमिश्रित पानी सतहभन्दा माथि उठ्दै जोखिमपूर्ण अवस्थामा पुगेको दृश्य प्रसारण गरेका छन् ।

जापान मौसम विज्ञान एजेन्सीका अनुसार उष्णकटिबन्धीय आँधी जाङ्मी बुधबार बिहान शिमा सहरको पूर्वी क्षेत्रमा अवस्थित थियो र उत्तरपूर्वतर्फ अघि बढिरहेको थियो । आँधीसँग अधिकतम ९० किलोमिटर प्रतिघण्टा गतिको निरन्तर हावा कायम रहेको बताइएको छ ।

एजेन्सीले पूर्वी र मध्य जापानका विभिन्न क्षेत्रमा उच्चस्तरीय बाढी चेतावनी जारी गर्दै नदी किनार र पहिरो तथा डुबानको जोखिम भएका स्थानमा बसोबास गर्ने मानिसलाई सुरक्षाका लागि उच्च भूभागतर्फ जान आग्रह गरेको छ ।

मध्य जापानको ओवासे क्षेत्रमा पछिल्लो २४ घण्टामा करिब ५० सेन्टिमिटर वर्षा मापन गरिएको छ । मौसम निकायका अनुसार टोकियोसहित केही क्षेत्रमा बिहीबार बिहानसम्म थप २० सेन्टिमिटरसम्म वर्षा हुनसक्ने अनुमान गरिएको छ, जसले बाढी र भूक्षयको जोखिम अझ बढाउन सक्छ ।

जाङ्मीले यसअघि दक्षिणी टापु ओकिनावामा प्रभाव पारेको थियो, जहाँ कम्तीमा १५ जना सामान्य घाइते भएका थिए । त्यसपछि आँधी वाकायामा प्रान्ततर्फ बढ्ने क्रममा केही कमजोर बनेको जनाइएको छ । एक समय टाइफुनको स्तरमा पुगेको यस आँधीमा १२६ किलोमिटर प्रतिघण्टासम्मको हावा मापन गरिएको थियो । भित्री भूभागतर्फ प्रवेश गरेपछि यसको शक्ति केही घटे पनि दिनभर उष्णकटिबन्धीय आँधीको स्तर कायम रहने पूर्वानुमान गरिएको छ ।

मौसमविद्हरूले भारी वर्षा, नदीको सतह बढ्दो अवस्था र निरन्तर अस्थिर मौसमका कारण प्रभावित क्षेत्रका बासिन्दालाई सतर्क रहन र स्थानीय प्रशासनका सुरक्षा निर्देशन पालना गर्न आग्रह गरेका छन् ।

# विश्व व्यापार साझेदारहरूमाथि थप दबाब बढाउने सङ्केत

वासिङ्टन, ३ जून (एएफपी) । जबरजस्ती श्रमबाट उत्पादित सामानको आयात नियन्त्रणमा प्रभावकारी कदम नचालेको आरोप लगाउँदै अमेरिकाले आफ्ना ६० व्यापार साझेदारमाथि नयाँ शुल्क लगाउने प्रस्ताव अघि सारेको छ । कानुनी अवरोधपछि आफ्नो व्यापारिक रणनीतिलाई नयाँ स्वरूप दिन खोजिरहेको ट्रम्प प्रशासनले यो कदममार्फत विश्व व्यापार साझेदारहरूमाथि थप दबाब बढाउने सङ्केत दिएको छ ।

अमेरिकी व्यापार प्रतिनिधि कार्यालय (युएसटीआर) ले मङ्गलबार सार्वजनिक गरेको प्रस्तावअनुसार नयाँ शुल्क दर १० प्रतिशतदेखि १२.५ प्रतिशतसम्म रहनेछ । अन्तिम निर्णयअघि प्रस्ताव सार्वजनिक टिप्पणी प्रक्रियाबाट गुज्रिनेछ ।

यो कदम अमेरिकाले केही महिनाअघि चीन, युरोपेली सङ्घ (ईयू), जापानलगायत प्रमुख व्यापारिक साझेदारमाथि अनुसन्धान सुरु गरेपछि आएको हो । अनुसन्धानले ती मुलुकहरूले जबरजस्ती श्रमबाट बनेका सामानको आयात नियन्त्रण गर्न कति प्रभावकारी कदम उठाए र त्यसको अमेरिकी व्यापार तथा उद्योगमा कस्तो असर पर्यो भन्ने विषयलाई केन्द्रमा राखेको थियो ।

युएसटीआरका अनुसार ५४ वटा देशहरूले जबरजस्ती श्रमबाट बनेका वस्तुमाथि आयात प्रतिबन्ध लगाउने वा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यमा असफलता देखाएका छन् । यस सूचीमा चीन, भियतनाम, ताइवान र बेलायत पनि परेका छन् ।

त्यसैगरी, क्यानाडा, इक्वेडर, युरोपेली सङ्घ (ईयू), इन्डोनेसिया, मेक्सिको र पाकिस्तानसहित थप छ अर्थतन्त्रले यस्ता प्रतिबन्ध लागू गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसकेको अमेरिकी निष्कर्ष रहेको छ ।

युएसटीआर प्रमुख जेमिसन ग्रियरले विज्ञप्तिमार्फत जबरजस्ती श्रमबाट उत्पादित वस्तुको आयात नियन्त्रण गर्न प्रमुख व्यापारिक साझेदारहरूको कमजोरी स्वीकार गर्न नसकिने बताउनुभयो । उहाँका अनुसार यस्तो अवस्थाले अमेरिकी कामदारहरूलाई असमान प्रतिस्पर्धात्मक वातावरणमा विश्व बजारसँग जुध्न बाध्य बनाएको छ ।

यद्यपि, प्रस्तावित शुल्क सबै वस्तुमा समान रूपमा लागू हुने छैन । सरकारी कागजातअनुसार गोमासु, कफी, केही फलफूल तथा बदामजस्ता वस्तुलाई छुट दिइनेछ । त्यसैगरी, उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौताअनुसार व्यापार गरिएका क्यानाडा र मेक्सिकोका केही वस्तुहरू पनि शुल्कबाट मुक्त रहनेछन् । यसमा निश्चित प्रकारका कपडा तथा परिधानसमेत समावेश छन् ।

युएसटीआरले सर्वसाधारण, उद्योग क्षेत्र र सरोकारवालालाई आगामी जुलाई ६ सम्म लिखित सुझाव र टिप्पणी दिन आह्वान गरेको छ । त्यसपछि प्रस्तावबारे थप सुनुवाइ आयोजना गरिने जनाइएको छ ।

फेब्रुअरीमा अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि बढाएका केही करसम्बन्धी उपायहरू खारेज गरिदिएपछि वासिङ्टनले दीर्घकालीन र कानुनी रूपमा बलिया शुल्क संरचना निर्माणतर्फ ध्यान केन्द्रित गरेको छ । त्यसैअनुसार अमेरिकी अधिकारीहरूले नयाँ व्यापार अनुसन्धानहरू अघि बढाइरहेका छन् ।

जबरजस्ती श्रमसम्बन्धी अनुसन्धानसँगै अमेरिकी व्यापार निकायले अतिरिक्त औद्योगिक उत्पादन क्षमता तथा त्यसले विश्व व्यापारमा पारेको प्रभावबारे पनि छुट्टै अनुसन्धान सुरु गरेको छ । यसले आगामी दिनमा अमेरिकी व्यापार नीतिमा थप कडाइ आउने सम्भावना देखाएको छ ।

# उपेक्षामा आँखाको हेरचाह

प्रा. डा. डीबी कार्की

काठमाडौँ । सर्वविदितै छ, जीवनमा आँखाको महत्त्व अवर्णनीय छ । जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्त्व छ ।

आँखा अत्यन्त संवेदनशील अङ्ग पनि हो । यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च संवेदनशीलता अपनाउन आवश्यक छ । पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको अधिक प्रयोग गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ । उद्योग, कलकारखाना, कृषिलगायत विभिन्न क्षेत्रमा काम गर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ । कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ ।

यी विभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यस लेखमा केही सावधानीका उपायका बारेमा उल्लेख गरिएको छ । लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुने हुँदा २०-२०-२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेन्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ । साथै, स्क्रिन आँखाबाट एकहात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन । त्यस्तै, घाम, धुलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चस्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन । फलाम वेल्डिङको उज्यालो र घामलाई नाङ्गो आँखाले हर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ ।

धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ । सामान्यत: दिनमा एक-दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको सङ्क्रमण हुन पाउँदैन । आँखा पोल्यो वा धुलो पऱ्यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन् । यसो गर्नु हुँदैन, सफा पानीले बिस्तारै पखाल्नुपर्छ । सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ । पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन । धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ । सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन । आँखा थाकेपछि आराम दिनुपर्छ । आँखालाई आराम दिन दैनिक सात-आठ घण्टा सुत्नुपर्छ । लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्यागनुपर्छ । अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हुनुहुँदैन । यसले आँखाको नसामा असर गर्छ । रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ । आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ-ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन ।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ । दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाऱ्हो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ । चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ । चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरुको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन । अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ ।

**बालबालिकाको आँखाको स्वास्थ्य**

बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभैँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ । भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ । उनीहरूलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन । यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ । बच्चालाई २०-२०-२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेन्ड हेर्ने बानी लगाउनुपर्छ । स्क्रिन धेरै नजिक राख्न र अध्याँरोमा मोबाइल चलाउन दिनुहुँदैन । बच्चाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने, धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन । जथाभावी आँखा मिच्दा आँखामा सङ्क्रमण हुनसक्छ । साबुन पानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ ।

साथै, अरूसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन । पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ । अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन । पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ । बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिक रूपमा सुदृढ बनाउँछ । क्रिकेट, फुटबल, ब्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चस्मा लगाउन दिनुपर्छ । धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न । बच्चाले दैनिक सात-नौ घण्टा राम्रोसँग सुत्नुपर्छ । लामो समयसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ । कुनै समस्या नदेखिए पनि हरेक एक-दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ । बच्चाले किताब वा टिभी नजिकै हेर्छ भने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छ भने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सककहाँ लैजानुपर्छ ।

**औद्योगिक क्षेत्रमा काम गर्नेले ध्यान दिनुपर्ने कुरा**

औद्योगिक क्षेत्रमा काम गर्ने कामदार आँखामा चोटपटक वा धुलो धुवाँबाट बढी प्रभावित हुन्छन् । काम गर्दा धुलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिङ्गारीले आँखामा चोट पुऱ्याउन सक्छ । त्यसैले, उनीहरूले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चस्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चस्मा प्रयोग गर्नुपर्छ । वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरू आँखामा परेमा तुरुन्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सककहाँ तुरुन्त जानुपर्छ । सुरक्षात्मक मास्क र चस्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ । अध्याँरोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्ने हुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ । काम गर्दा धुलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ । आँखामा धुलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन । तुरुन्त सफा पानीले पखाल्नुहोस् । यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ । सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन । सानो चोटले पनि ठुलो समस्या ल्याउन सक्छ । औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ ।

**खेलाडीले अपनाउनुपर्ने सतर्कता**

खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुऱ्याउन सक्छ । क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल रबी खेलमा आँखाको सुरक्षा अनिवार्य छ । त्यसैले, खेलको प्रकारअनुसार सुरक्षात्मक चस्माको प्रयोग गर्नुपर्छ । घाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न घामको चश्मा लगाउनुपर्छ । धुलो र हावा भएको ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्यान्ड लगाउने गर्नुपर्छ । खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ । जस्तै:- खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धुलो आँखामा परेमा सफा पानीले पखाल्ने, रुमाल वा टाबल अरूसँग साटेर प्रयोग नगर्ने । बल, औंला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ । तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सककहाँ जानुपर्छ ।

कन्ट्याक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ । खेल्दा पसिना वा धुलोका कारण कन्ट्याक्ट लेन्स बिग्रिन सक्छ । सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोज गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ । अध्याँरो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउने हुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस् ।

आँखाको शक्ति बढाउन गाजर, सागपात, आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ । खेलपछि शरीरमात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ । राति सात-आठ घण्टा सुत्नुहोस् ताकि आँखाले पनि पुन: शन्ति पाओस् । लामो समयको अभ्यासपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ । खेलाडीहरूले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ । दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तुरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ ।

**विभिन्न रोगका बिरामीले दिनुपर्ने ध्यान**

अधिकांश मानिस विभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन् । त्यस्तै, बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ । यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ ।

**मधुमेहका बिरामीले दिनुपर्ने ध्यान :**

लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन् । यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ । यसले मधुमेहका बिरामीको दृष्टि हराउन सक्छ । सर्वप्रथम त उनीहरूले चिनी, रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमित रूपमा औषधि र खानामा ध्यान दिनुपर्छ । दृष्टि धमिलो हुने, कालो डाबर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ । दृष्टि ठीक भए पनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ । यदि आँखामा समस्या देखिएको छ भने तीन-छ महिनामा नेत्र चिकित्सककहाँ जानुपर्ने हुन्छ ।

**रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यान :** रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ । यस्ता बिरामीले आफ्नो रक्तचाप नियमित रूपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ । आँखामा परिवर्तन देखिएको छ भने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक-दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ ।

**क्षयरोगका बिरामीले दिनुपर्ने ध्यान :**

कुनैकुनै औषधिजस्तै इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ । त्यसैले यस्ता औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ । उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ्ग देख्न गाऱ्हो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ । यस्तो अवस्थामा औषधि आफैँ रोक्न हुन्न । यस्ता बिरामीले औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउने, बिचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छ भने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन ।

**गठियाका बिरामीका लागि :**

गठिया रोगले कहिलेकाहीँ आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ । यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ । रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ । *(प्रस्तुत विचार वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. कार्कीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)* ***रासस***

# वन पैदावरको उपयोग: दुनाटपरीले आत्मनिर्भर

● इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली) । लम्कीचुहा नगरपालिका-१ भुरुवाकी धना बोहराको जीवन केही वर्षअघिसम्म सामान्य ग्रामीण महिलाको जस्तै थियो । उहाँको अधिकांश समय घरधन्दा, बालबच्चाको हेरचाहमा बित्थ्यो ।

श्रीमान्को एकल आम्दानीमा आश्रित परिवार आर्थिक रूपमा सङ्घर्षरत थियो । दैनिक आवश्यकता पूरा गर्न कठिन थियो । सीमित आम्दानी, बढ्दो खर्च र भविष्यप्रतिको अनिश्चितताले परिवारलाई निरन्तर दबाब थियो ।

चार वर्षअघि एउटा सीपमूलक तालिमले बोहराको जीवनलाई अघि बढाउने मार्ग नै बदलिदियो । स्थानीय सरकारले सञ्चालन गरेको दुनाटपरी बनाउने तालिममा सहभागी भएपछि उहाँले आफ्नो क्षमता पहिचान गर्ने अवसर पाउनुभयो । तालिमपछि नगरपालिकाले पनि मेसिन उपलब्ध गरायो । उहाँले 'सृजनशील दुनाटपरी उद्योग' स्थापना गर्नुभयो । सुरुमा सानो प्रयासका रूपमा सुरु भएको उद्योग आज स्थानीयस्तरमा सफल उद्यमको उदाहरण बनेको छ ।

बोहराको उद्योगमा अहिले आठ जना स्थानीय महिलाले नियमित रोजगारी पाइरहेका छन् । बिहान जङ्गलबाट सालको पात सङ्कलन गर्ने र दिउँसो उद्योगमा दुनाटपरी उत्पादन गर्ने उहाँको दैनिकी बनेको छ । उद्योगबाट दैनिक हजारभन्दा बढी दुनाटपरी उत्पादन हुने गरेको छ । दसैं, तिहार, माघेसङ्क्रान्ति, श्राद्ध, पूजाआजा, मेला तथा थारू समुदायका विवाह समारोहमा यसको माग अत्यधिक हुने गरेको छ ।

कतिपय विवाहमा १० हजारभन्दा बढी दुनाटपरी आवश्यकपर्ने भएकाले मागअनुसार उत्पादन गर्न कठिन हुने अवस्था भएको बोहरा बताउनुहुन्छ ।

धनाको जीवनमा आएको परिवर्तन केवल व्यक्तिगत सफलता होइन । यो वन पैदवारको सदुपयोगले ग्रामीण समाजमा ल्याएको आर्थिक तथा सामाजिक रूपान्तरणको प्रतिनिधि उदाहरण हो । उहाँजस्ता सयौं उद्यमीले वनमा आधारित व्यवसायमार्फत आफ्नो जीवनस्तर उकासिरहेका छन् । स्थानीय समुदायमा रोजगारी र आत्मनिर्भरताको आधार निर्माण गरिरहेका छन् ।

**रोजगारी, आय र आत्मनिर्भरता**

वन पैदावर उद्योगको सबैभन्दा सकारात्मक प्रभाव ग्रामीण महिलाको जीवनमा देखिएको छ । परम्परागत रूपमा घरधन्दामै सीमित रहने महिला अहिले उत्पादन, व्यवस्थापन र उद्यमशीलताका क्षेत्रमा सक्रिय बन्दै गएका छन् ।

विशेषगरी एकल महिला, विपन्न परिवार तथा सीमित अवसर भएका महिलाका लागि यस्ता उद्योग जीवन परिवर्तन गर्ने माध्यम बनेका छन् । बोहराको उद्योगमा रोजगारी प्राप्त गरिरहनुभएकी रङ्गा उपाध्याय एकल महिला हुनुहुन्छ । श्रीमान् नहुँदा सन्तानको जिम्मेवारी सम्हाल्न कठिन भइरहेका बेला आफ्नै कमाइले घर खर्च चलाउन सहज भएको उहाँ बताउनुहुन्छ ।

पहिले धेरै महिला आर्थिक रूपमा परिवारमा पूर्ण रूपमा निर्भर थिए । अहिले उनीहरूले आफ्नै कमाई गर्न थालेपछि परिवारको आर्थिक अवस्था सुधारिएको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य तथा दैनिक आवश्यकता पूरा गर्न सहज भएको छ । दुनाटपरी उद्योग मात्र होइन, बाँस र बेतमा आधारित उद्योगमा महिलाको सहभागिता छ । हस्तकला, सजावटी सामग्री तथा घरायसी प्रयोगका सामग्री उत्पादनमा महिलाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

कैलालीको टीकापुरस्थित तिलगङ्गा बेत-बाँस फर्निचर उद्योगमा कार्यरत हिराकुमारी चौधरी बेतबाट विभिन्न सामग्री बनाउनुहुन्छ । उहाँका अनुसार यस कामबाट दैनिक रु. ८०० देखि एकहजारसम्म आम्दानी हुने गरेको छ । पहिले घरखर्च व्यवस्थापन गर्न कठिन हुने गरे पनि अहिले आफ्नै कमाइले ऋणको ब्याज तिर्न, बालबालिकालाई विद्यालयका लागि खाजा खर्च दिन तथा अन्य खर्च जुटाउन सहज भएको उहाँ बताउनुहुन्छ ।

उद्योगमै कार्यरत मिना चौधरी मुडा, फूलदानी, ऱ्याकलगायत सामग्री निर्माण गर्नुहुन्छ । घरायसी जिम्मेवारीसँगै आम्दानीको अवसर पाउँदा परिवारको आर्थिक अवस्थामा सुधार आएको उहाँको अनुभव छ । घरसँगै उद्योगमा काम गर्न मिल्ने भएकाले घरखर्च चलाउन तथा परिवारको आवश्यकता पूरा गर्न सहज भएको उहाँ बताउनुहुन्छ । उद्योगमा ५० भन्दा धेरै कामदार छन्, जसमध्ये धेरैजसो महिला छन् ।

वनजन्य उद्योगमा महिलाको बढ्दो सहभागिताले उनीहरूलाई आर्थिक रूपमा मात्र होइन, सामाजिक रूपमा पनि सशक्त बनाएको छ । आफ्नै सीप र श्रमबाट आम्दानी गर्न थालेपछि महिलामा आत्मविश्वास बढेको छ । परिवार र समाजमा उहाँको भूमिका अझ प्रभावकारी बन्दै गएको छ । गाउँमै उपलब्ध स्रोत र सीपको उपयोग गरेर सञ्चालन भइरहेका यस्ता उद्योगले महिलाको आत्मनिर्भरता र ग्रामीण आर्थिक विकासलाई एकसाथ अगाडि बढाइरहेका छन् ।

सुदूरपश्चिम प्रदेशमा वनजन्य उद्योग पछिल्ला वर्षमा ग्रामीण अर्थतन्त्रका महत्त्वपूर्ण आधारका रूपमा स्थापित हुँदै गएका छन् । वनबाट प्राप्त हुने कच्चापदार्थको उपयोग गरेर सञ्चालन भइरहेका विभिन्न उद्योगले स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नुका साथै आम्दानीका नयाँ अवसर पनि प्रदान गरिरहेका छन् ।

परम्परागत सीपदेखि आधुनिक बजारसम्म बेत र निगालोमा आधारित उद्योगले परम्परागत सीपलाई आधुनिक बजारसँग जोडिरहेका छन् । पहिले घरायसी प्रयोगमा सीमित रहने बाँस र बेतका सामग्री अहिले सहरका होटल तथा रेस्टुरेन्टसम्म पुग्न थालेका छन् ।

डोको, नाङ्लो, टोकरीजस्ता परम्परागत सामग्रीसँगै कुर्सी, टेबल, सोफा, सजावटी सामग्री तथा विभिन्न हस्तकलाका वस्तु उत्पादन भइरहेका छन् । प्राकृतिक, वातावरणमैत्री र आकर्षक डिजाइनका कारण यस्ता सामग्रीको माग निरन्तर बढिरहेको तिलगङ्गा बेत-बाँस फर्निचर उद्योगका सञ्चालक भरतलाल विक बताउनुहुन्छ ।

बेतसँगै काठमा आधारित उद्योग पनि प्रदेशको अर्थतन्त्रका महत्त्वपूर्ण हिस्सा बनेका छन् । कैलाली र कञ्चनपुरमा सञ्चालन भइरहेका फर्निचर उद्योगले साल, सिसौ, असना र हल्दुजस्ता काठको उपयोग गरेर आधुनिक तथा परम्परागत डिजाइनका फर्निचर उत्पादन गरिरहेका छन् ।

यस्ता उद्योगले स्थानीय कालीगढको सीपलाई व्यावसायिक अवसरमा रूपान्तरण गरेका छन् । काठ प्रशोधन, डिजाइन, निर्माण तथा बिक्रीवितरणका विभिन्न चरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना भएको छ । मागका हिसाबले यस क्षेत्रमा अझै ठुलो सम्भावना रहेको आकाश फर्निचर उद्योगका सञ्चालक सनम दत्त राजवंशी बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "कच्चापदार्थको सहज उपलब्धता र स्थिर बजार भए उद्योगलाई अझ विस्तार गर्न सकिन्छ ।" वनजन्य उद्योगको अर्को महत्त्वपूर्ण क्षेत्र कत्था उद्योग हो । खयरको काठबाट उत्पादन हुने कत्थाले राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको छ । कत्था उद्योगले वनजन्य स्रोतको मूल्य अभिवृद्धि गरेर विदेशी मुद्रा आर्जनमा योगदान दिएको छ । खयर सङ्कलनदेखि प्रशोधन र निर्यातसम्मका गतिविधिमा धेरै स्थानीय नागरिकको जीविकोपार्जन जोडिएको कैलालीको गेटास्थित लक्ष्मी कत्था उद्योगका सञ्चालक रोशन कर्ण बताउनुहुन्छ ।

मध्यपहाडी क्षेत्रमा पाइने खोटेसल्लाबाट सङ्कलन गरिने खोटोले आर्थिक गतिविधिलाई चलायमान बनाएको छ ।

सुदूरपश्चिमका मध्यपहाडी जिल्लामा पाइने खोटेसल्लाबाट खोटो सङ्कलन गरी प्रशोधन र निर्यातसमेत भइरहेको छ । प्रदेशका डडेलधुरा, डोटी, कैलालीलगायत जिल्लाबाट वार्षिक एक हजार ५०० मेट्रिकटनभन्दा बढी खोटो सङ्कलन हुने गरेको कैलालीको अत्तरियास्थित दिव्या रोजिन एण्ड टर्पेन्टाइन कम्पनीका सञ्चालक खड्क बम बताउनुहुन्छ । उहाँका अनुसार खोटो सङ्कलन र प्रशोधनले ग्रामीण क्षेत्रमा थप रोजगारीसमेत सिर्जना गरेको छ ।

**सम्भावना ठुलो, चुनौती अझै बाँकी**

सुदूरपश्चिमका पहाडी जिल्ला जडीबुटीको दृष्टिले अत्यन्तै समृद्ध मानिन्छन् । दार्चुला, बैतडी, बझाङ, बाजुरालगायत जिल्लाका वन क्षेत्रमा पाइने यार्सागुम्बा, चिराइतो, सतुवा, वनलसुन, टिमुर, तेजपात, अमला तथा रिट्ठाजस्ता उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा उच्च माग छ । हजारौं परिवारको आम्दानीको स्रोत बनेका यी जडीबुटीले ग्रामीण अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । तर यति ठुलो सम्भावना हुँदाहुँदै पनि यस क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन ।

जडीबुटी मात्र होइन, बाँस-बेत, काठ, खोटो, कत्था तथा दुना-टपरीमा आधारित उद्योगहरूले पनि विभिन्न चुनौती सामना गरिरहेका छन् । कच्चापदार्थको दिगो व्यवस्थापन, आधुनिक प्रविधि तथा उपकरणको अभाव, प्रशोधन उद्योगको कमी, बजार विस्तार र उत्पादनको बजारीकरणजस्ता विषय अझै चुनौतीका रूपमा रहेका छन् ।

अधिकांश जडीबुटी तथा अन्य वनजन्य उत्पादन अझै पनि कच्चा रूपमै बिक्री हुने गरेका छन् । बझाङका जडीबुटी सङ्कलक राम्पस बोहरा भन्नुहुन्छ, "पहिलेजस्तो मूल्य नै पाइँदैन ।" उचित मूल्य नपाउँदा वनजन्य स्रोतमा निर्भर धेरै परिवारले अपेक्षित लाभ लिन सकेका छैनन् ।

जडीबुटी व्यवसायी राजेन्द्र धामीका अनुसार यस क्षेत्रमा ठुलो सम्भावना भए पनि पर्याप्त प्रशोधन उद्योग, भण्डारण सुविधा र बजार सूचनाको अभावले सङ्कलक तथा व्यवसायीले उचित लाभ लिन सकेका छैनन् । उहाँ भन्नुहुन्छ, "अधिकांश कच्चा जडीबुटी भारत र चीनमा सस्तो मूल्यमा निर्यात गर्नुपर्ने बाध्यता अझै कायम छ ।"

सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाका अनुसार स्थानीय स्रोत र सीपको उपयोग गर्दै सञ्चालन भइरहेका यस्ता उद्योगले ग्रामीण अर्थतन्त्रलाई सुदृढ तुल्याइरहेको छ । वन पैदावरमा आधारित उद्योगको दिगो विकासका लागि नीतिगत सुधार, पूर्वाधार निर्माण, सीप विकास तथा बजार विस्तारमा सरकारले काम गरिरहेको छ । ***(रासस)***

# वीरगञ्ज नाकाबाट १० महिनामा २० अर्ब ७९ करोडको खाद्यान्न आयात

वीरगन्ज (पर्सा), २० जेठ । वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु. २० अर्ब ७९ करोड मूल्यको खाद्यान्न आयात भएको छ ।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा यो नाका हुँदै हुने आयात मूल्यमा रु. तीन अर्ब ८७ करोड अर्थात् १५ प्रतिशतले गिरावट आएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिनुभयो ।

गत आवको १० महिनामा यहाँबाट रु. २४ अर्ब ६६ करोड मूल्य पर्ने १६ थरिका खाद्यान्न आयात गरिएको थियो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भ.न.पा २, ब्यासी, भक्तपुर

### खेतबारीको माटो परीक्षणसम्बन्धी सूचना

कृषकहरूको खेतबारीमा कृषि चुन प्रयोग गर्नुपर्ने वा नपर्ने र कुन मल कति मात्रामा प्रयोग गर्ने भन्ने विषय पत्ता लगाउनको लागि माटो परीक्षण गर्न आफ्नो खेतबारीको माटोको नमूना सङ्कलन गरी यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखा, दूधपाटीमा माटो परीक्षणको लागि माटोको नमूना ल्याई जानकारी प्राप्त गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# जापान सरकारद्वारा नाबालिगहरूको सुरक्षाका लागि कडा सामाजिक सञ्जाल जाँचको आह्वान

टोकियो (जापान), ३ जून ( एएनआई) । जापान सरकारले नावालिग तथा कम उमेरका सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको सुरक्षाका लागि कडा उमेर प्रमाणीकरण लगायतका आवश्यक प्रतिबन्धहरू लागु गरेर सामाजिक जिम्मेवारी बलियो बनाउन आह्वान गरेको छ ।

क्योडो न्यूजका अनुसार जापान सरकारले सञ्चार मन्त्रालयलाई अन्य देशहरूमा देखिएको जस्तै पूर्ण उमेर-आधारित प्रतिबन्ध उपयुक्त नहुन सक्ने भन्दै सामाजिक सञ्जालको महत्त्व र उपयोगिता कायम रहने गरी सञ्चार उपकरणको लागि सुरक्षित रूपमा चलाउन सकिने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

जापान सरकारको प्रतिवेदनले उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यको रक्षा गर्ने र सामाजि सञ्जालमा युवाहरूको निर्भरता कम गर्ने उद्देश्यले उपायहरूको वैकल्पिक व्यवस्था गरिने जनाएको छ ।

यो आह्वान प्रविधिको तिव्र विकास र सामाजिक सञ्जालको उच्च उपयोगको बिचमा आएको छ, जसले आपराधिक गतिविधिहरूमा नाबालिगहरूको संलग्नता सहित उनीहरूको हानिकारक प्रभावहरू न्यूनीकरण गर्ने उपायको खोजी गर्ने जनाइएको छ ।

क्योडो न्यूजका अनुसार, यो प्रयास हानिकारक वेबसाइटहरूमा पहुँच रोक्ने उद्देश्यले अभिभावकको निगरानीको रूपमा आएको हो ।

गत वर्षदेखि जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले युवा प्रयोगकर्ताहरूको सुरक्षामा सामाजिक सञ्जाल र स्मार्टफोन अपरेटिङ सिस्टमको भूमिका विस्तार गर्ने विषयमा छलफल गरिरहेको जनाइएको छ ।

पछिल्लो समयमा प्रस्ताव गरेका देशहरूको सूचीमा जापान समावेश भएको छ भने तीमध्ये धेरैले नाबालिगहरूमा सामाजिक सञ्जालको प्रयोगसम्बन्धी कडा कानुन लागू गरेका छन् ।

फ्रान्सले १५ वर्षमुनिका बालबालिकाका लागि समाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध गर्न कानुनी प्रक्रियालाई छिट्टै टुङ्ग्याउने लक्ष्य राखेको छ भने अस्ट्रेलियाले गत वर्ष १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा पूर्ण प्रतिबन्ध लगाएको छ । यसैगरी, स्पेन र डेनमार्कले यो निर्णय माथि विचार गरिरहेको जनाइएको छ ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप अस्पताल

च्याम्हासिंह, भक्तपुर

### आवश्यकतासम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित : २०८३ जेठ २१ गते)

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि निम्नलिखित पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम र अनुभव आदि प्रमाणपत्रहरूको प्रतिलिपिहरू र हालसालै खिचेको पासपोर्ट साइजको तीनप्रति फोटोसहित अस्पतालबाट प्राप्त आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अस्पताल प्रशासनमा दर्खास्त पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी आएको आवेदनउपर कुनै कारबाही हुनेछैन । यस अघि दर्खास्त दिने आवेदकहरूले समेत यस सूचनाअनुसार पुन: दर्खास्त पेस गर्न जानकारी गराइन्छ ।

| विज्ञापन नं. | पद | स्तर/तह | आवश्यक सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | उमेर |
|---|---|---|---|---|---|---|---|
| १२/०८२ /८३ | एनेस्थेसियोलोजिस्ट | अधिकृत स्तर, नवौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजिस्टमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १०००।- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १३/०८२ /८३ | मेडिकल अफिसर | अधिकृत स्तर, आठौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १०००।- | अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १४/०८२ /८३ | हलुका सवारी चालक | सहायक स्तर/ प्रथम तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा SEE वा सो सरह उपाधी प्राप्त गरी हलुका सवारी चालकको प्रमाणपत्र प्राप्त गरी कम्तीमा ५ वर्षको अनुभव भएको । एम्बुलेन्स तथा शव वाहन चालकहरूलाई प्राथमिकता दिइनेछ । | ५००।- | प्रयोगात्मक र अन्तर्वार्ता | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

**पुनश्चः**
दर्खास्त फारम रू.१००।- तिरी लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
फारम लिने समय बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म
फारम बुझाउने समय बिदाको दिनबाहेक अन्य दिन १०:०० बजेदेखि ३:०० बजेसम्म

विस्तृत जानकारीको लागि
**ख्वप अस्पताल, प्रशासन शाखा**
Email address: khwopahospital78@gmail.com
फोन: ०१-६६१३१४६, ६६२०३७४


**नेपाल...**

पछिल्लो निर्वाचनमा अपेक्षित सक्रियता नपुग्दा राम्रो परिणाम आउन नसकेको उल्लेख गर्दै उहाँले वर्तमान सरकारले विद्युत्मा समेत मूल्य अभिवृद्धि कर लगाएको गलत छ भन्नुभयो ।

जनतालाई आधारभूत सेवा सहज र सुलभ गर्नुपर्ने राज्यको न्यूनतम् दायित्व भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका अध्यक्ष विष्णुराम दुमरूले वडा-वडाका डकर्मी सङ्घलाई सक्रिय बनाउनुपर्ने आवश्यकता औंल्याउँदै महिलाहरूका लागि समेत डकर्मी तालिम सञ्चालन गर्ने, डकर्मीहरूलाई सूचिकृत गरी सङ्गठित रूपमा अघि बढाउनु जरुरी भएको बताउनुभयो ।

उपाध्यक्ष उपेन्द्र सुवालले पार्टीको सिद्धान्त र विचारलाई राम्रोसँग बुझेर अघि बढ्नुपर्ने बताउनुभयो ।

सङ्गठनमा आबद्ध सदस्यहरू अनुशासित, वैचारिक रूपमा स्पष्ट र सङ्गठित हुनुपर्नेमा जोड दिँदै उहाँले पेसागत काम र सङ्गठनात्मक गतिविधिलाई समानान्तर रूपमा अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा सङ्घका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको परिचय गराउनुका साथै आगामी कार्ययोजना, सङ्गठन सुदृढीकरण र पेसागत विकासका विषयमा छलफल गरिएको थियो ।


### गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भ.न.पा २, ब्यासी

### राय सुझाव सङ्कलनसम्बन्धी सूचना

यस नगरपालिकाबाट हरेक नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोटका लागि नगरबासी बुद्धिजीवी, शिक्षक, मजदुर किसान, महिला, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव सङ्कलन गर्दै आएको सबैमा विदित्तै छ ।

यसै सन्दर्भमा यस नगरपालिकाको आगामी आ.व. ०८३/८४ को बजेट तर्जुमा र योजना छनोटको लागि नगरबासीहरूले तपसिलबमोजिमको माध्यममार्फत मिति २०८३ जेठ ३१ गतेभित्र आ-आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**
१. इमेल : info@bhaktapurmun.gov.np र bhaktapurmuni@gmail.com मार्फत
२. फेसबुक पेज : Bhaktapur municipality मार्फत
३. सम्बन्धित वडा कार्यालयमार्फत
४. भक्तपुर नगरपालिकाको प्रशासन शाखा (कोठा नं १०२) मार्फत
५. दिइएको QR-Code Scan गरी Google Form मार्फत

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

२०५४

### सूची दर्तासम्बन्धी सूचना

यस संस्थाले आ.व. २०८३/०८४ मा सदस्यहरूलाई ऋण लगानी गर्दा अचल सम्पत्तिको मूल्याङ्कन गर्ने प्रयोजनका लागि धितो मूल्याङ्कनकर्ता फर्म/कम्पनीहरू सूचीकृत गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरूले तपसिलको ऋण माग फाइलको धितो मूल्याङ्कन शुल्कको दर रेटसहित खुलाई सूचना प्रकाशित भएको मितिले ११ (एघार) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल** :
१) एक लाखदेखि बीस लाखसम्मको लागि
२) बीस लाख एकदेखि पचास लाखसम्मको लागि
३) पचास लाख एकदेखि एक करोडसम्मको लागि
४) एक करोडभन्दा माथिको लागि

**संलग्न गर्नुपर्ने कागजातहरू** :
१) निवेदन
२) फर्म/कम्पनी दर्ताको प्रतिलिपि
३) स्थायी लेखा दर्ता नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
४) पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५) फर्म/कम्पनीको प्रोफाइल
६) धितो मूल्याङ्कनको लागि सम्बन्धित निकायबाट प्राप्त इजाजतपत्र


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा